साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक १९ २०८१ मंसिर २५ गते मंगलबार (Dec. 10, 2024) मूल्य रू. १०/-

## कर्ण शाक्यले फेवाताल मिच्दा

वातावरणकर्मी, संरक्षणवादी, होटल व्यवसायी, लेखक, दार्शनिक भन्न रूचाउने कर्ण शाक्यले फेवातालको जग्गा अतिक्रमण गरेको आरोप लामो समयदेखि लागेकोमा पटक पटक अदालतको आदेशको अवमान्ना गरेको, जनविरोधको बेवास्ता गरेको भन्दै नेकपा माओवादीले शाक्यको अतिक्रमित जमिनमा निर्माण गरेको र सञ्चालनमा रहेको होटलमा तोडफोड गरेका छन्। उनले काठमाडौं, पोखरा, चितवन र लुम्बीमा होटल सञ्चालन गरिरहेका छन्।



आफ्नो ख्याति, नाम नै बदनाम हुनेगरी कर्णशाक्य किन ऐतिहासिक फेवातालको जग्गा अतिक्रमण गरेको आरोप खेपिरहेका छन्। उनी सम्पन्न छन्, सम्भ्रान्त छन् र उनले इतिहास पनि बनाएका छन्। फेरि आफ्नो नाममा कलङ्क लाग्नेगरी आफ्नै व्यक्तित्वसँग खेलबाड गर्नु हुन्न भन्ने सुझाव धेरैको छ।

## नेता चोखा, कर्मचारी भ्रष्ट



**वाइडबडी घूसकाण्ड !**

महालेखाकै रिपोर्टमा ४ अर्ब ३५ करोड भ्रष्टाचार भएको प्रकरणमा विशेष अदालतले पूर्वमहाप्रबन्धकसहित चार जना दोषी ठहर गरेको छ। जहाज आपूर्तिकर्ता ७ जना दोषी ठहर गरेको छ। तत्कालीन मन्त्री चोखिएका छन्। न्यायाधीशहरू टेकनारायण कुँवर, तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले यो घूसकाण्डबारे फैसला गरेको हो। तत्कालीन महाप्रबन्धक सुगतरत्न कङ्साकारलाई दुई वर्ष नौ महिना कैद, बिगो एक अर्ब ४७ करोड १० लाखको दामासाही हुने १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना गरिएको छ। तत्कालीन अध्यक्ष एवं पर्यटन मन्त्रालयका सचिव शङ्करप्रसाद अधिकारीलाई एक वर्ष नौ महिना कैद, दामासाहीले हुने १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना र सोही बराबरको बिगो जफत हुनेछ।

तत्कालीन निगम सञ्चालक सदस्य शिशिरकुमार ढुङ्गानालाई एक वर्ष छ महिना कैद, कुल बिगोको दामासाही हुने १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना हुनेछ। तत्कालीन पर्यटन सहसचिव बुद्धिसागर लामिछानेलाई एक वर्ष छ महिना कैद, दामासाहीले हुने १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना र बिगो असुलउपर हुनेछ। जहाज खरिद प्रक्रियामा संलग्न विदेशी कम्पनीका तीन प्रतिनिधिलाई पनि एक वर्ष छ महिना कैद र दामासाहीले हुने १२ करोड २५ लाख ९० हजार चार सय ५६ जरिवाना तोकिएको छ।

तर तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाहीले सफाइ पाएका छन्।

# नेपाल–चीनवीच नयाँ अध्याय

*बीआरआईको लगानी प्रम ओलीको गृहजिल्ला झापा र कांग्रेस सभापति देउवाको गृहजिल्ला डडेलधुरामा बढी हुनुको रहस्य खोतल्न थालिएको छ। सभापति देउवाले बीआरआई सम्झौता सहमति अनुसार भएकोमा ओलीलाई धन्यवाद दिएपछि तातिएको राजनीति सेलाउनुको कारण यही त होइन पनि भनिएको छ। बिहानै, बेलुकै सत्ता ढल्यो ढल्यो भन्नेहरूलाई प्रम ओलीले पटक पटक अब म १८ महिना पदमा हुन्छु, त्यसपछि देउवाजीलाई हस्तान्तरण गर्छु भन्नुले पनि सत्ता साझेदारभित्र गडबढ भएको अनुमान थियो। प्रम ओलीले अब भारत जाने तैयारीमा छु भनेपछि राजनीतिले यू टर्न लिन थालेको बताइन्छ। यति नै बेला अमेरिकी उपमन्त्री लू नेपाल आउनुले पनि संशय जन्माएको छ।*



प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण नेपाल चीनवीच भएको बीआरआई सम्झौतापछि व्यापक चर्चामा छ। प्रम ओलीले ऋण नलिने गरी गरेको बीआरआई सम्झौतालाई सत्तासाझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सह्राहना गर्नुले ओली सत्ता ढल्ने अनुमानमा ब्रेक लागेको छ। यो सम्झौतापछि चीन पनि हर्कतमा आउँदै चीनविज्ञले भनेका छन्- प्रम ओलीको चीन भ्रमण र भएका सम्झौतामा भारतलाई असहमति राख्ने ठाउँ छैन।

नेपाल र चीनवीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सव यही भ्रमणबाट सुखद सुरूआत भएको बताईदैछ। प्रम ओलीको भ्रमण र भएका सहमतिले यो सम्बन्ध अझ उचाइमा पुऱ्याउन बलियो आधार तैयार भएको भनिदैछ। विज्ञहरूको विश्लेषण छ- प्र.म ओलीको चीन भ्रमणबाट विभिन्न क्षेत्रमा व्यावहारिक सहयोगलाई तिव्रता दिँदै परम्परागत मित्रतालाई थप प्रगाढ बनाउने र दुई पक्षबीचको समन्वयलाई थप बलियो पार्ने कार्य भएको छ।

तर भारतका सञ्चारमाध्यम नेपाल चीनको पोल्टोमा गएको, चीनतिर ढल्केको प्रचार गरिरहेका छन्। आफ्नो पहिलो भ्रमण चीनतिर गरेकोमा नेपालले चीनलाई बढी महत्व दिएकोमा आलोचना गरेका छन्।

***नेपाली कूटनीति राजनीतिक दाउपेचमा पुग्यो। ओलीले गरेको सम्झौतापछि दक्षिण र पश्चिमसँग सन्तुलन गर्नसके राष्ट्रलाई फाइदा होला। चीनका राष्ट्रपति नेपाल आउँदा २०१९ मा दिने घोषणा भएको ६० अर्बको अनुदान नेपालले उपयोग नै गर्न सकेको छैन, यसपटक ९ अर्ब दिने घोषणा भएको छ। नेपालसँग चीनको सहायतालाई समृद्धिका लागि खर्च गर्नसक्ने ल्याकत कता हरायो ?***

नेपालकै केही नेताहरूले पनि भूराजनीतिक समस्या बढ्ने चेतावनी दिएका छन्। यसबारे प्रम ओलीले भनेका छन्- यो भ्रमणले तेश्रो देशलाई लक्षित नगरेको र अब भारत भ्रमणको तैयारी हुनेछ। चीन भ्रमणले क्षेत्री विकास, शानित र स्थिरतामा टेका पुगेको छ। यो भ्रमणका बेलामा चिनियाँ राष्ट्रपतिले अनेक सहमति, १० बुँदे बीआरआई परियोजनामा सम्झौतापछि ९ अर्ब रूपैयाँ अनुदान सहयोग दिने घोषणा गरेका छन्।

उता चीनको सिङ्हुआ विश्वविद्यालयको नेशनल स्ट्राटेजी इन्स्टिच्युटको अनुसन्धान विभागका निर्देशक छियान फेङले नेपालको अर्थतन्त्रलाई चीनको उच्च गुणस्तरीय आर्थिक विकासको 'एक्सप्रेस ट्रेन' बनाउने ओलीको भ्रमणको मुख्य केन्द्रविन्दु रहेको बताएका छन्। उनले नेपाल महत्वपूर्ण बीआरआई साझेदार मात्र होइन, निकट र मित्रवत् छिमेकी हो भनेका छन्।

उता भारतमा भने ओलीको यो चीन भ्रमणले नेपाल भारतमा आफ्नो परम्परागत निर्भरता कम गर्न चाहेको प्रचार भइरहेको छ। पोखरा एयरपोर्टबाट नेपाल सचेत नभएको र डेब्ट ट्र्यापलाई स्वीकार गरेको अर्थ लगाउँदै भारतमा नकारात्मक प्रचार भइरहनु नेपालका लागि दु:खद पक्ष हो। केही चिनियाँ थिङ्कटेङ्कका सदस्यहरूले भने 'भारतले विगतमा जस्तै नेपालमा हस्तक्षेप नगर्ने आशा गर्दै नेपालका प्रधानमन्त्रीको चीन भ्रमणलाई लिएर भारतमा गरिएको चिन्ता संवेदनशील छन्।' उनी भन्छन्- 'नयाँ दिल्लीले कुनै पनि तेस्रो पक्षलाई लक्षित गरी नेपाल-चीन सहयोगलाई अति नै व्याख्या गर्नु हुँदैन। बरू, यो सहकार्य क्षेत्रीय साझा विकास र क्षेत्रीय स्थायित्वको रक्षा गर्न अनुकूल छ भन्ने बुझ्नुपर्छ। पाकिस्तान, बंगलादेश, श्रीलंका र माल्दिभ्स जस्ता दक्षिण एसियाका धेरै देशले बीआरआई परियोजनामा सहभागी भएर विकास हासिल गरेका छन्। बिआरआई सहयोगका लागि ठूलो 'केक' हो। नेपालले पनि यो 'केक' को लाभ उठाउनु पर्छ।'

प्रतिपक्षी र केही दलले बीआरआई सम्झौतालाई संसदको छलफलको विषय बनाउन माग गरेका छन्। कतिपयले विदेशी प्रभावमा परेर नेपाललाई डेब्ट ट्र्यापमा पार्ने सम्झौता भएको अर्थ लगाइरहेका छन्।

अर्थविद भन्छन्- आधिकारिक तथ्यांक अनुसार चीन नेपालको दोस्रो ठूलो व्यापार साझेदार हो। बीआरआई सम्झौतापछि विश्वमा चीनको बढ्दो शक्ति र नेपालमा बढ्दो प्रभावलाई ध्यानमा राख्दा नेपाल र चीन दुवैले एकअर्कासँग सहयोगात्मक सम्बन्ध स्थापना गर्न खोजेकाले चीनको अंश अझै बढ्ने निश्चित छ। चीनका बुद्धिजीवी छियानका अनुसार तर, नेपालको सबैभन्दा प्रभावशाली आर्थिक साझेदारको रूपमा भारतको प्रवृत्ति प्रमुख हो। भारतसँगको भौगोलिक र सांस्कृतिक सम्बन्धलाई नेपालले ध्यान राख्नुपर्छ। चीनले सदैव छिमेकीको अर्थतन्त्रको विकास र जनताको जीविकोपार्जनमा सहयोग गर्छ।

*कांग्रेस सभापति देउवाको अर्थपूर्ण भनाई- ऋण लिएको छैन भने बुझ्नुस्, ऋण लिएकै छैन।*

## पूर्व राष्ट्रपति, उपराष्ट्रपति, प्रदेश प्रमुख सकृय राजनीतिमा



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, पूर्व उपराष्ट्रपति नन्दकिशोर पुन पासाङ, पूर्व प्रदेशप्रमुख अमिक शेरचन सकृय राजनीतिमा आउन खुट्टा उचालेका छन्। यी तिनैजना पदासीन भएर भत्ता थापेर बसेका व्यक्तिहरू हुन्। पासाङ र शेरचन माओवादीका बरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष बनाईँदैछन् भने विद्यादेवी भण्डारी एमाले अध्यक्षको लाइनमा छिन् तर अध्यक्ष ओलीले ग्रिन सिग्नल दिइसकेका छैनन्।

विद्यादेवी भण्डारीले नेता भेट्ने र चुनावमा चासो दिएकी थिइन्। ०८४ को चुनावमा सकृय हुने लक्ष्यण देखाएको देखिन्छ भने पासाङ र शेरचन माओवादी बैठकमा जाने गरेका छन्, अध्यक्ष प्रचण्डसँग हिमचिम बढाएको प्रष्ट देखिन्छ। पासाङले भनिसकेका छन्, पार्टीले उपराष्ट्र बनायो, बने। अब सकृय राजनीतिमा काम गर्न चाहन्छु। नेता दीनानाथले पनि भनेका छन्- पासाङ र शेरचन सकृय राजनीति गर्न चाहेका छन्। विद्यादेवीको निर्णय आउन केही समय लाग्ला, शेरचन र पासाङ पर्सी २८ गतेको स्थायी कमिटी बैठकबाटै माओवादीको सकृय राजनीतिमा आउने सम्भाबना प्रवल छ। पासाङले भनेका छन् : अब रातो मान्छे भएर उभिन तैयार छु। उपचुनावपछि हौसिएको माओवादी अरू सकृय देखिनेवाला छ।

## बीआरआई सम्झौताका १० योजना



१० आयोजना, जुन नेपाल चीनवीच सम्झौता भएको छ। बीआरआई फ्रेमवर्क सम्झौताभित्र रहेका १० आयोजना-

टोखा छहरे सुरूङमार्ग, हिल्सा सिमिकोट सडक, किमाथांका खाँदवासी सडक, जिलोङ केरूङ काठमाडौं रेलवे, अमरगडी सभा हल, जिलोङ केरूङ रसुवागडी चिलिमे ट्रान्समिसन लाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं बैज्ञानिक केन्द्र, विज्ञान म्यूजियम, चीन नेपाल फ्राइण्डसीप पार्क दमक, झापा खेलकुद तथा एथलेटिक्स कम्प्लेक्स। यी कुनै पनि आयोजनामा 'सहयोग' भनिएको छ, ऋण लिने भनिएको छैन। सहयोगभित्र ऋण, अनुदान दुबैथरि पर्नसक्ने विज्ञहरूको बिश्लेषण रहेको छ। यद्यपि भारोपश्चिमा कूटनीतिक र राजनीतिक क्षेत्रमा तरङ्ग उत्पन्न गराइदिएको छ। अब, चीनले नेपालको हैसियत बढाइदिएको छ।


## दुर्लभ रातोकण्ठ नेपालमा



दुर्लभ कृष्णवक्ष रातोकण्ठ चा कञ्चनपुरमा भेटिएको छ। यो चरालाई चाइनिज रूबीथ्रोट पनि भनिन्छ। कञ्चनपुरको बेलौरीस्थित नकैया सीमसारमा कृष्णवक्ष रातोकण्ठ चरा फेला परेको चराविज्ञले भनेका छन्।

समाचारअनुसार नेपाल पक्षी संरक्षण सङ्घ (बीसीएन) का चराविज्ञ हिरूलाल डगौरा शुक्लाफाँटा नेचरगाइड एशोसिएसनका सुवन चौधरी र महानन्द जोशीको टोलीले सो चरा फेला पारेर सार्वजनिक गरेका हुन्। उनीहरूका अनुसार हुन्। हिमाली क्षेत्रमा हिउँ पर्ने क्रमसँगै चिसो बढेपछि यो चरा तराई क्षेत्रमा आउने गर्दछ। आए पनि विरलै देखापर्ने यो चरा कञ्चनपुरमा पहिलोपटक देखापरेको हो। आजसम्म नेपालमा यो चरा भेटिएको थिएन। सिमसार क्षेत्र संरक्षणमा स्थानीय बासिन्दाको चासो बढ्दै जानु र चराको सिकार गर्ने क्रम घटेपछि दुर्लभ प्रजातिका चरा देखिन थालेको चराविज्ञ बताउँछन्। जाडो कम भएपछि यी चरा हिमालतिरै फर्कन्छन्।

## राजदूतको सन्देश विपिन सकुसल छन्




प्यालेस्टाइनी विद्रोही हमासले ७ अक्टुबर सन २०२३ मा विपिन जोशीलाई इजरायलको अलमिम किवुजबाट बन्धक बनाएको १४ महिनापछि नेपाल आएका इजरायली राजदूतले विपिन जोशी सकुशल रहेको र छिटै घर फर्कने सूचना दिएका छन्। इजरायली राजदूत शमुलिक ए. वासले विपिन जोशी गाजा क्षेत्रमा जीवितै रहेको सूचना पाएको बताएपछि नेपालीले छिटै नेपाल फर्काइदिन अनुरोध गरेका छन्। राजदूतले पत्रकारसँगै भनेका छन्- 'हाम्रा लागि विपिन निकै महत्त्वपूर्ण छन्। उनी छिट्टै काठमाडौं फर्किनेछन्। अरब स्रोतहरूले विपिन जोशी जीवित रहेको बताएका छन्। गाजा क्षेत्रमा बन्दक बनाइएका विपिन जोशी सकुशल रहेको सूचना हामीले पाएका छौ।'

राजदूत बासले भने- बिद्रोही हमासको कब्जामा अझै पनि सय भन्दा बढी छन्। हामीले बुझ्नुपर्छ, विपिनजस्ता अरू पनि धेरै बन्दक बनाइएकाछन्।' इजरायलले कूटनीतिक पहल गरेर धेरै बन्दकहरूलाई रिहा गराइदियो। तर इजरायलको प्राथमिकतामा विपिन जोशी परेका थिएनन्। यसबारे महामहिम राजदूत बोलेनन्। केही समयअघि गाजाको एक अस्पतालमा विपिन देखापरेको समाचार भाइरल बनेको थियो। तर यकिन हुनसकेको थिएन।

एकाएक इजरायली राजदूतले विपिन ज्यूँदै र सकुसल रहेको सार्वजनिक गरेपछि नेपाली जनमानसमा उनी छिटै नेपाल फर्कनेछन् भन्ने विश्वास बढेको छ। नेपालले लामो समयदेखि विभिन्न कूटनीतिक प्रयास गरिरहे पनि सफल हुनसकेको थिएन। परराष्ट्रमन्त्री डा.आरजु राणाले पनि पदबहादी गर्दा नै विपिनको रिहायको प्रयास गर्ने भनेकी थिइन्। त्यसपछि उनी धेरै मुलुकहरूको भ्रमण गरिसकेकी छिन्, उनले विपिनबारे केही सूचना दिन सकेको अवस्था थिएन। एकाएक इजरायली राजदूतले उत्साहपूर्ण सूचना दिएका छन्। राजदूतको सुचना छिटो सत्य होस्।

राजदूतको कथन सत्य सावित भयो भने उनी धन्यवादका पात्र बन्नेछन्।

# डा.केआई सिंहको काठमाडौं कब्जा

हरि मञ्जुश्री लेख्छन्- मासु र रगत खानैपर्ने – मलाई सोधिएको प्रश्न थियो – "येसुलाई क्राइस्ट किन भनिएको र चर्चमा पाउरोटी र वाइन किन खुवाइएको गुरू ?" मैले दिएको उत्तर थियो – "मैले बुझे अनुसार येसुलाई क्रुसिफिकेसन गरिएको अथवा झुन्ड्याइएको थियो । क्रुसिफिकेसन शब्दबाट क्राइस्ट शब्द बनेको हो । त्यसैले क्राइस्टको अर्थ झुन्डिएको मान्छे भन्ने हुन्छ । येसुलाई झुन्ड्याइएको हुनाले उनलाई क्राइस्ट भनिएको हो । चर्चमा जाँदा प्रसादका रूपमा पाउरोटी र वाइन खानुको अर्थ येसुलाई हामीले हाम्रै शरीरभित्र राखेका छौँ भनेको हो । किनभने क्राइस्ट सम्प्रदायका अनुयायीहरू पाउरोटीलाई येसुको शरीर र वाइनलाई येसुको रगत भन्छन् । परमेश्वरको भक्त बन्न उनको मासु र रगत खाएर आफूभित्र राख्नुपर्छ भन्ने मान्यता त्यस सम्प्रदायमा छ ।" उत्तर त दिएँ, तर ठीक भनेँ कि भनिनँ, थाहा भएन ।



यस सम्बन्धमा बिदुर बिष्टको प्रतिकृया यस्तो छ- उनीहरूको मान्यता अनुसार मानिसले जिसस धारण गर्न सक्दैनन । यदी कसैले म मा जिसस धारण भयो जिससले ज्ञान दिनु भयो भन्नु धर्म ( बाईबल) बिरूद्ध हो । उनीहरूको मत अनुसार मानिस र परमेश्वर अलग र फरक चिज हुन । हाम्रो हिन्दु धर्म अनुसार हामी ब्रम्हकै अंश हौ । कण कण मा ब्रम्ह अथवा परमेश्वरको वास रहन्छ भन्छौ । तेसैले "यथा पिण्ड तथा ब्रम्हान्ड" "अंह ब्रम्हष्मि" जस्ता महावाक्यहरू प्रयोग गरेर हरेक प्राणीलाई परमेश्वर को रूपमा पुजा र सम्मान गर्दछौ । हामी योग भक्ति कर्म लगायत अन्य अनगिन्ती साधना र पथ मार्फत परमेश्वरमा लीन (समाधिस्थ) हुन सक्दछौ तर उनीहरू सिर्फ़ जिससको आगमन पछी को नर्क जाने को स्वर्ग जाने न्यायिक निर्णय अनुसार तोकीने छ र सिर्फ़ एक जिसस को पथमा लाग्नु पर्ने हुन्छ ।

डेँगी
डेँगी ज्वरो लामखुट्टेको टोकाइबाट सर्ने रोग हो । वर्षातको मौसम सुरु भएपछि डेँगी ज्वरोको प्रकोप बढ्न थाल्दछ । यो रोग नेपालका विभिन्न ठाउँहरुमा देखा परीरहेको छ ।
डेँगी ज्वरोका लक्षणहरु



एक्कासी ३ देखि ५ दिनसम्म उच्च ज्वरो आउने ।
Save the Children

सम्पति शुद्धीकरण अनुसन्धान विभागको सूचना

अपराधजन्य कार्यबाट सम्पत्ति आर्जन गरी त्यस्तो सम्पत्तिको वास्तविक प्रकृति, स्रोत, स्थान, नि:सर्ग, कारोबार, स्वामित्व एवम् सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने; रूपान्तरण वा हस्तान्तरण गर्ने; प्राप्ती, प्रयोग वा धारण गर्ने समेतका कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर (Money Laundering) र आतङ्ककारी व्यक्ति वा सङ्गठनको प्रयोजनका लागि कुनै पनि प्रकारले सम्पत्ति वा कोष सङ्कलन, सहयोग वा सहजीकरण गरी गराई आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर (Terrorist Financing) नगर्न नगराउन सम्बन्धित सबैमा सूचित गरिन्छ । उल्लेखित कसुर भए गरेको अवस्थामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ को दफा ३० बमोजिम सजाय हुनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सम्पति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर

# पत्रकार महासंघको चुनावमा देखिएका तीन ज्यादती




डा. केशव देवकोटा

नेपालमा सबैखाले पत्रकारहरूको साझा संगठनकारूपमा रहेको नेपाल पत्रकार महासंघको निर्वाचन आगामी २८ गते हुँदैछ । एकातिर गत जेठदेखि पटक, पटक प्रयास गरेर पनि हुननसकेको महासंघको निर्वाचन सम्पन्न हुनसक्नु आफैमा ठूलो उपलब्धी होभने अर्कातिर यो निर्वाचनको सन्दर्भमा बिभिन्न ब्यक्ति र संगठनहरूले एक अर्काप्रति गरेको धोखाघडी र निर्वाचनका सन्दर्भमा देखिएका बिवादहरूले नेपालका पत्रकारहरूको बेइज्जति पनि गरेको छ । यो निर्वाचनका क्रममा तीनवटा घटनाहरू ज्यादतीपूर्ण रहेका छन् । पहिलो घटना एमाले समर्थित पत्रकार संगठन प्रेस चौतारीले यसअघिको निर्वाचनमा केन्द्रिय सभापतिमा पराजित उम्मेदवार निर्मला शर्मालाई फेरी यसपटक पनि उम्मेदवार बनाउनु हो । पत्रकारहरूका माझमा उहाँ चर्चामा रहेपनि एउटै ब्यक्तिलाई सधै एउटै पदमा उम्मेदवार बनाउने हठ गर्नुहुने थिएन । कुनै खास आधिकारिक तथ्यांक नभएपनि देशभरका पत्रकारहरूको संख्याका हिसावले नेपाली कांग्रेस समर्थित प्रेस यूनियन पहिलो र एमाले समर्थित प्रेस चौतारी दोश्रो हुनसक्ने संभावना छ । हाल घटनाक्रमहरूले पनि संसदमा नेपाली कांग्रेस पहिलो र एमाले दोश्रो पार्टीकारूपमा रहेका छन् । सरकारमा नेपाली कांग्रेसको पहलमा एमालेका अध्यक्ष केपी ओली देशको कार्यकारी प्रमुख प्रधानमन्त्रि रहनुभएको छ । जसलेगर्दा देशैभर बिभिन्न संघ/संगठनको निर्वाचनमा पनि सोहीअनुसारको गठबन्धन बनाउने प्रयास भैरहेको छ । सोहीक्रममा नेपाल पत्रकार महासंघको निर्वाचनमा पनि नेकां र एमाले समर्थित पत्रकारहरूले गठबन्धन बनाएको अवस्था छ । गठबन्धन गर्नु/नगर्नु उक्त दुई संगठनको आफ्नो कुरा हुन्छ । यसअघि पत्रकार महासंघको निर्वाचनहुँदा पनि नेकां र माओवादी केन्द्र सम्बद्ध पत्रकारहरूले गठबन्धन गरेर नेकांका प्रेस यूनयन सम्बद्ध बिपुल पोखरेललाई अध्यक्ष बनाइएको थियो । त्यसअर्थमा यसपटक प्रेस यूनियन बाहिरबाट अध्यक्ष बनाइनु स्वाभाबिक थियो । तर यसरी बिभिन्न संगठनले आलोपालो गरेर पद ओगट्नु चाँही राम्रो होइन । प्रेस यूनियन र प्रेस चौतारीले गठबन्धन गरेपनि गतबर्ष पराजीत अध्यक्ष उम्मेदवारलाईनै फेरीपनि नउठाइएको भए राम्रो हुन्थ्यो । तर एमाले सम्बद्ध पत्रकारहरूबीचको तानातानले जे नहुनुपर्ने हो, त्यही घटना हुनपुग्यो । भनिन्छ पत्रकारहरूको अध्यक्षको चयन पनि एमालेका अध्यक्ष केपी ओलीबाटै भयो । एमालेका पत्रकारहरूले स्वतन्त्ररूपमा आफ्नो संगठनको सभापतिको उम्मेदवार पनि छान्न पाएनन् । त्यसैगरी एमालेसँगको पार्टीगत दुश्मनीका कारण माओवादी केन्द्र सम्बद्ध प्रेस सेन्टरले शुरूमा आफ्नो संगठनबाट अध्यक्ष बनाउने योजना अगाडि सारेर अन्य बाम घटक सम्बद्ध पत्रकारहरूलाई गोलबन्द गरेको थियो । त्यसअनुसार प्रेस सेन्टरका वरिष्ठ उपाध्यक्ष कमल गिरीको संयुक्त प्यानलबाट पत्रकार महासंघको निर्वाचनमा भाग लिने निर्णयकासाथ मनोनयन पनि दाखिला गरिएको थियो । तर एकाएक गिरीको उम्मेदवारी फिर्ता लिएर नेकां सम्बद्ध प्रेस यूनियनका बिद्रोही उम्मेदवार रमेश बिष्टको नेतृत्वमा प्यानल बनाएको प्रचार गरियो । जबकी माओवादी केन्द्रको प्रेस सेन्टर बाहेकका बामपन्थी पत्रकारहरू प्रेस यूनियनका नेताको नेतृत्वमा निर्वाचनमा जान इच्छुक थिएनन् । यो प्रेस सेन्टरले बामपन्थी पत्रकारहरूका माझमा गरेको ठूलो धोखाघडी हो । माओवादी केन्द्रले प्रेस सेन्टरलाई प्रयोगगरेर एमालेसँगको आफ्नो राजनीतिक इबी साधना गरेपनि अन्य बाम घटकहरूले त्यसलाई स्वीकार गर्नुपर्छभन्ने थिएन र छैन पनि । ब्यक्तिगतरूपमा अध्यक्षको उम्मेदवार हुनुभएका रमेश बिष्टको आफ्नै ख्याती र पत्रकारहरू माझ प्रभाव रहेको अवस्थामा प्रेस सेन्टरको पछाडि लाग्दा उहाँको चुनावी मोहौलसमेत भाँडिन पुगेको देखिएको छ । यसअघि नेपाल पत्रकार महासंघको निर्वाचनमा संयुक्तरूपमा अगाडि बढ्ने विषयमा छलफलहुँदा पाँचवटा वाम तथा मधेसी संगठनबीच सहमति भएको थियो । आगामी २८ गते तयगरिएको नेपाल पत्रकार महासंघको निर्वाचनमा संयुक्त मोर्चाकारूपमा अगाडि जानको लागि गतसाता बुधबार प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस संगठन, क्रान्तिकारी प्रेस संगठन, जनपत्रकार संगठन नेपाल, जनपत्रकार संगठन नेपाल, प्रगतिशील पत्रकार संगठन नेपाल र प्रेस मञ्च नेपालबीच सहमति भएको थियो । सहमतिपछि तीनबुँदे प्रेस विज्ञप्तिसमेत जारीगरिएको थियो । जुन विज्ञप्तिमा प्रेस सेन्टरका अध्यक्ष विष्णु सापकोटा, समाजवादी प्रेस संगठनका अध्यक्ष विश्वमणि सुवेदी, क्रान्तिकारी प्रेस संगठनका अध्यक्ष नारायण शर्मा, जनपत्रकार संगठन नेपालका अध्यक्ष शेरबहादुर विक, प्रगतिशील पत्रकार संगठन नेपालका महासचिव प्रकाश थापा र प्रेस मञ्चका अध्यक्ष अवधेश झाले हस्ताक्षर गर्नुभएको थियो ।

विज्ञप्तिमा मंसिर २८ गते तोकिएको समयमै नेपाल पत्रकार महासंघको निर्वाचनगर्न, महासंघको साझा चरित्र कायमगर्न सहमतीय नेतृत्व निर्माणगर्न र सहमति नभएमा निर्वाचनमा एकताबद्ध मोर्चा भएर लड्न छवटा संगठनको सहमति भएको कुरा उल्लेख गरिएको थियो । उनीहरूले पत्रकार महासंघलाई साझा बनाउन प्रेस यूनियन र प्रेस चौतारीकोसमेत ध्यानाकर्षण गराएका थिए । तर रातारात प्रेस सेन्टरले प्रेस यूनियनका बिद्रोही उम्मेदवारसँग गठबन्धन गरेर अन्य बाम पत्रकार संघ/संगठनहरूलाई धोखा दिएपछि निर्वाचनको मोहौलनै बिथोलिन पुगेको छ । यो धोखाघडीले आगामी दिनमा बाम पत्रकारहरूका माझमा कुनैपनि किसिमको एकता हुननसक्ने अवस्था सिर्जना गरेको छ । खासमा एमाले र माओवादी केन्द्र उस्तैखालका संसदवादी पार्टीहरू हुन् । त्यसमा अन्य बाम घटकहरूले फरक दृष्टिले हेर्नुपर्ने कुनै कारण थिएन र छैन पनि । त्यसैगरी पत्रकारिता सम्बद्ध सातवटा संघसंस्थाको भेलाले गत साता बिहीबार महासंघको आसन्न निर्वाचनलाई लक्षितगर्दै क्रियाशील पत्रकारहरूको साझा मोर्चा बनाई मोर्चाको धारणासमेत सार्वजनिक गरेको पाइएको थियो । भेलापछि श्रमजीवी पत्रकार संघ, नेपाल, प्रेस नेपाल, मिडिया नेपाल, लोकतान्त्रिक पत्रकार मञ्च, कायस्थ पत्रकार समाज, प्रगतिशील पत्रकार मञ्च र सञ्चार क्षेत्र सुधार अभियन्ताले जारीगरेको संयुक्त बक्तब्यमा महासंघको निर्वाचनमा सहभागी हुने तीनवटै तहका पदमा मोर्चासम्बद्ध घटक/संगठनहरूले उम्मेदवारी दिने निर्णय गरिएको उल्लेख थियो । मोर्चाले महासंघको घोषित निर्वाचन कार्यक्रम सौहार्दपूर्ण वातावरणमा र तोकिएको मितिमै सम्पन्न हुनुपर्ने धारणा पनि अगाडि सारेको थियो । मोर्चाले महासंघको निर्वाचनलाई निष्पक्ष, पारदर्शी र श्रमजीवी पत्रकारहरूको अधिकार र मुद्धाहरूको प्रतिनिधित्वगर्ने अवसरकारूपमा उपयोगगर्न सबै पक्षलाई आह्वान पनि गरेको थियो । त्यसैगरी संसदको पाँचौं दल राप्रपा निकट मिडिया नेपालले नेपाल पत्रकार महासंघको निर्वाचन बहिष्कारगर्ने घोषणा गरेको छ । गत शुक्रबार मिडिया नेपालका अध्यक्ष गोपालप्रसाद पौड्यालले एक विज्ञप्ति जारीगर्दै महासंघको चुनाव बहिष्कार र विरोधगर्ने बताउनु भएको थियो । सो बक्तब्यमा आफ्नो पेशानै पत्रकारितामा बनाएका साथीहरू बाहिर बसेर कहिल्यै पत्रकारितामा नदेखिएकाको हालीमुहाली रहेको महासंघको निर्वाचनमा मिडिया नेपालले भाग नलिने र बहिष्कारगर्ने निर्णय गरेको भनिएको थियो । विज्ञप्तिमा महासंघको निर्वाचनलाई पत्रकारको निर्वाचन नभई पार्टीका भातृ संगठनहरूको निर्वाचन बनाउन खोजिएको बताउँदै त्यस्तो निर्वाचन र मतदानमा सहभागी नहुन र मतदानसमेत नगर्न सक्रिय पत्रकारहरूलाई आह्वान गरिएको थियो । सदस्यता सुदृढीकरणको नाममा क्रियाशील पत्रकारहरूलाई सदस्य बन्नबाट वञ्चित गरेर र पार्टीका भातृ संगठनका कार्यकर्ता भर्तीगरेर निर्वाचनगर्न लागिएको आरोपसमेत लगाइएको छ ।

निर्वाचनको घोषणा हुनुपूर्ब प्रगतिशील पत्रकार संघले दाङमा ताल्चा लगाएको थियो भने कपिलवस्तुमा पहिलेदेखिनै लगाइएको ताल्चा खुलेकै थिएन । कपिलवस्तुमानै प्रेस यूनियन र प्रेस चौतारीले पनि ताल्चा लगाएको अवस्थामा काठमाडौंमा महासंघको निर्वाचनको प्रयास थालिएको छ । त्यसैगरी मकवानपुरसहित देशैभरि बिभिन्न पत्रकार संघ/संगठनले सदस्यताका सम्बन्धमा विरोध व्यक्त गरेका छन् । कैयौं जिल्लामा महासंघको कार्यसमितिका सदस्यनै विरोधमा उत्रिएको अवस्था पनि छ । यस्तो अवस्थामा समस्याहरूको सामान्य समाधानसमेत नगरी निर्वाचन प्रक्रिया अगाडि बढाउनु अर्को ज्यादति हुनपुगेको छ । खासमा नेपालमा 'को पत्रकार' भन्ने बिषयमानै बिवाद रहेको छ । त्यसको गहिराईमा पुगेर समस्याको साधान नगरी नेपालका पत्रकारहरूका बीचमा रहेका बिभिन्न बिवाद र खिचातानीको अन्त्य गर्न/गराउन नसकिने अवस्था छ । खासमा पत्रकारिताको विश्वब्यापि मूल्य, मान्यता र आदर्शको कुरागर्ने होभने पत्रकारहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्छभन्ने रहेको छ । जसमा कुनै जात, पार्टी र लिङ्गको मान्यता र अर्थ रहँदैन । कतिपयले पत्रकारहरूलाई अनिर्वाचित सांसद, न्यायाधिश र पत्रकारितालाई राज्यको चौथो अंगकारूपमासमेत परिभाषित गरेका छन् । यस्तो अवस्थामा पत्रकार महासंघलाई बिवादमा पारेर नेपाली पत्रकारहरूको हुनसममको हुर्मत लिने काम भएको छ । पत्रकारहरूको पेशा भनेको कानून ब्यवसायी र चिकित्सकहरूको जस्तै अति सम्बेदनशील र महत्वपूर्ण हो । जब मेडिकल काउन्सिल र लयर्स काउन्सिलले चिकित्सक र कानून ब्यवसायीको टुंगो लगाएका छन्भने प्रेस काउन्सिलमार्फत पत्रकारहरूको टुंगो लगाउन किन नसकिने ? 'को पत्रकार' भन्ने टुंगो नलगाएसम्म नेपाल पत्रकार महासंघको सदस्यतासम्बन्धी बिवाद पनि टुंगिँदैन र यसरी बिभिन्न पार्टीले पत्रकार संघ/संगठनलाई प्रयोग गरेर आआफ्नो स्वार्थ साधनागर्ने कामको अन्त्य पनि हुँदैन । यस्तो अवस्थामा समाजमा पत्रकारहरूको विश्वसनीयता कायम हुन सक्दैन । सबै पत्रकारहरूले यसमा गंभिर चिन्तन मनन् गरौं ।



## मुक्तक लेख्ने प्रयासहरू : एउटै मन दुईतिर साट्न सक्यो कसरी ?



मियाँको दौड टुङ्गिन्छ ऊ मस्जिद पुगेपछि
बाँसको कद छोटिन्छ भुइँतर्फ नुगेपछि
यात्रा विहीन यात्रीझैं बन्नु अगाडि सोच्नुछ
पक्का भेटिन्छ गन्तव्य हिँड्ने बाटो रूँगेपछि ।

**—उत्तम भेटवाल**



एउटै मन दुई तिर साट्न सक्यो कसरी ?
यति कठोर निर्णय आट्न सक्यो कसरी ?
म तिम्रै भनी मन्दिरमा नाम जप्छौ अर्कै
मलाई कि भगवानलाई धाट्न सक्यो कसरी ?

**- अर्जुन अधिकारी**



प्रेमको मीठो संदेश तिम्रो नाम लेखे
मेरो मुटु, मेरो सर्वस्व तिम्रो नाम लेखे
भनिदेऊ तिमी के छ अरू चाहना तिम्रो,
मैले लिने हर स्वासमा तिम्रो नाम लेखे ।

**- नीता गुरूङ, भारत**



ओंठ चाटेर प्यास मेटिन्न थाहै होला
मरूभूमिमा पानी भेटिन्न थाहै होला
ऐनामा चेहरा त प्रस्ट, पुरै देखिन्छ !
तर चरीत्र कत्ती देखिन्न थाहै होला ।

**- शंकर ज्ञवाली**



मायाँ त मायाँ नै हो, नपत्याए छाती हेर
मायाँले झुल्कन्छ जून नपत्याए राती हेर
मान्छे भनेकै मायाँको हिमाल हो, नदी हो
मायाँहरू पोखिने छन्, नपत्याए माती हेर ।

**- सुशीला पौडेल पहारी**



सुखमा सबै गाढा बन्छन्
दुःखमा सबै टाढा बन्छन्
पिर मर्का त सुनाउनै हुन्न
मुटु नै घोच्ने काढा बन्छन् ।

**- उषा केसी**



जियर हेर जीवन पिउन कति रसिलो छ
सियर हेर जीवन जिउन कति असिलो छ
सायद वेअर्थ लाग्ला परिभाषा त्यो तिम्रो
लियर हेर जीवन सिउन कति कसिलो छ ।

**- डा.उत्तम खनाल**



संघर्षका पर्खाल नाघ्नु सधै त्यसै सफल हुन्छ
गन्तब्य ठिक बाटो रोज्नु चुनौती हरपल हुन्छ
प्रयासको बाटो नछोडे कठिन छैन पुग्न यहाँ
इच्छा शक्ति बढाएर गए सबैतिर पहल हुन्छ ।

**- चन्द्रकला आचार्य**



कमजोर ठानी नारी मनलाई गाल्नेहरू सुन
पुरूष भएको घमण्ड मनमा पाल्नेहरू सुन
नारी बिना तिम्रो पुरूषत्वको कुनै अर्थ छैन
इज्जत गर्न सिक्नुपर्छ एसिड फाल्नेहरू सुन ।

**- मिरा ज्ञवाली**



अब आफ्नै, रस्ती-बस्तीका कुरा गरौं
ती खेत, गरा, कान्ला, खस्तीका कुरा गरौं
अनावश्यक कुरा गर्ने, बेला अब छँदैछैन-
देशको साँध सिमाना, गस्तीका कुरा गरौं ।

**- मुकुन्द पौडेल**



तल गैरीखेतमा धानको बाला झुलेको यो बेला
आकाश पनि सफा हुँदै पुरै नै खुलेको यो बेला
फर्की आऊ परदेशी मेरा प्यारा प्यारा दाजुभाइ
बारीभरि मखमली सयपत्री फुलेको यो बेला ।

**- सुशीला ढकाल अधिकारी**



एकथरी भन्छन् थाकलको दाना राम्रो
अर्कोथरी भन्छन् थाकलको गाना राम्रो
प्रकृति प्रेमीका सन्तान एकस्वरमा भन्छन्
थाकलको हुन्छ दाना, गाना र छाना राम्रो ।

**- युवराज शर्मा**

## शताब्दी महिलाद्वारा कृतिको विमोचन



साहित्यकार सुरेश कुमार पाण्डेद्वारा लिखित 'जेईको सम्झना' लघुकथा सङ्गहको लोकार्पण गरिएको छ । राप्ती साहित्य परिषद् दाङ शाखाका अध्यक्ष यम रेग्मीको अध्यक्षता तथा पत्रकार नारायणप्रसाद शर्माको प्रमुख आतिथ्य र परिषद्का निवर्तमान अध्यक्ष पुरूषोत्तम खनाल तथा शताब्दी महिला क्वारीदेवी भण्डारीको विशिष्ट अतिथ्यमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

कृति विमोचन गर्दै प्रमुख अतिथि शर्माले पुराना कुरालाई रचनात्मक शैलीमा जीवन्तता दिने काममा सर्जकले न्याय गरेको बताए । उक्त कृतिको समिक्षा चन्द्रबहादुर थापा र नारायणप्रसाद श्रेष्ठले गरेका थिए । कृतिका सर्जक सुरेशकुमार पाण्डेयले कृति रचनाका बारेमा अनुभव सुनाएका थिए ।

१०८ पृष्ठ रहेको 'जेईको सम्झना' लघुकथासङ्गहमा ५४ वटा लघुकथा समावेश गरिएको छ । पारिवारिक, सामाजिक, राजनीतिक, मनोविज्ञान, सांस्कृतिक, रोजगारका पक्षलाई लघु कथाले उजागर गरेको समीक्षकको भनाइ छ । कथा, कथा विधा, यसका आयामलगायत विषयमा समीक्षकले चर्चा गरेका थिए । राप्ती साहित्य परिषद् केन्द्रका अध्यक्ष डा. टीकाराम उदासी, सल्लाहकार उत्तमकृष्ण मजगैया, प्राज्ञ नन्दु उप्रेती, लेखक सङ्घका अध्यक्ष खगराज न्यौपाने, सिस्नोपानी नेपालका दाङ शाखाका अध्यक्ष डा. लोकराज पराजुली ,राप्ती साहित्य परिषद् दाङ शाखाका सल्लाहकार कमलमणि देवकोटा, निवर्तमान अध्यक्ष दीपक शर्मा 'समीर' नयाँ युगबोध राष्ट्रिय दैनिकका सम्पादक गोविन्द खड्का, समानान्तर अनलाइनका सम्पादक छवि पुरी लगायतको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा वरिष्ठ साहित्यकारहरू सच्युतराज उप्रेती, गणेश विषम, नारायण नेपाल, यज्ञबहादुर डाँगी साहित्यकारहरूमा हरिप्रसाद पौडेल स्वर्णशिखा, दामोदर पौडेल, हरिप्रसाद पाण्डे, सुन्दर गौतम, शरद गौतम, एकराज शर्मा, गोपाल भुसाल, नरेशजंग राणा, महेश कुमार न्यौपाने, खेमराज गाउँले, धनसिंह गिरी, दिलीप डाँगी, शारदा शर्मा, कुलबहादुर ओली, वसन्त अनुभव, रिमा गौतम, देवेन्द्र रिजाल, कृति डिसी, नारद भण्डारी, नवराज देवकोटा र साहित्य अनुरागीहरूमा मनिराम खनाल, वसन्त भट्टराई, गणेश आचार्य, मेघराज भट्टराई, यादव भण्डारी, अरूण कुमार नेपाली, दीपनारायण पाण्डे, खगराज पाण्डे, सुदेव पाण्डे, देवी पाण्डे, शिवराज पाण्डे, सुनिता पाण्डे, मनिषा पाण्डे, दीपा रिजाल, यादव प्रसाद भण्डारी, मधुसुदन पाण्डे, लुमाकान्त कुँवर, योजना रेग्मी, शिवान्सी पाण्डे, सारांश पाण्डे, प्रान्सी रिजाल, यशोदा केसी, सरोजजंग केसी, खोपिलाल पाण्डे लगायतको गरिमामय उपस्थिति रहेको थियो ।

वीणा रोकाको स्वागत मन्तव्य र घनश्याम केसीले कार्यक्रम सञ्चालन गरेका थिए । साहित्यकार सुरेशकुमार पाण्डेलाई प्रशंसापत्रले सम्मान गरिएको थियो ।

***लघुकथा***

*'बाबु, तेरो आमा आजकल कमजोर भएकी छिन् । मुख हेर्नेमात्रै भए पनि छिट्टै आइज ।' अमृतले आफ्नो जेठो छोरा वरूणलाई अमेरिकामा फोन गरेर भने ।*

*'बाबा, म अहिले अमेरिका छु । यसबेला आउन सक्दिनँ । बरू हजुरले रूद्रलाई जापान फोन गर्नुहोस्।' वरूणले असमर्थता जनाउँदै सुझायो ।*

*'हस्, छोरा । सुखी रहनु ।' अमृतले फोन राखे र जापानमा फोन लगाए ।*

*'हजुर, बाबा, सञ्चै हुनुहुन्छ ?' उताबाट रूद्रले बाबाको हालचाल सोध्यो । बुढालाई खुसी लाग्यो । जेठो छोरा आउन नसके पनि कान्छो त अवश्य आउँछ भन्ने लाग्यो ।*

*'छोरा, मलाई त ठीकै छ तर तेरो आमा...' बुढा बोल्दै गर्दा भावुक भए ।*

*'के भयो र आमालाई ?' रूद्रले चिन्ता व्यक्त गऱ्यो ।*

*'छोरा, तिम्री आमा अस्पतालमा छिन् । दिन गन्दै छिन् । कुन बेला सास रोकिन्छ, थाहा छैन । तिमी छिट्टै आउ छोरा। दिदीबहिनीहरू पनि आउन मानेनन् । तिम्रो दाइले पनि असमर्थता जनायो । जसरी भए पनि घर आउ, अन्तिमपटक आमाको मुख हेर्न ।' अमृत फोनमै ग्वाँग्वाँ रून थाले ।*

*'बाबा, भयो । नरूनुहोस् । हजुर रोएर पनि आमा बाँच्नु हुन्न । म आएर पनि आमालाई केही फरक पर्दैन । म टाढा जापानमा छु । छुट्टी मिलाउन पनि समय लाग्छ ।' रूद्रले बाबालाई सम्झाउन थाल्यो ।*

*'त्यसो भए, तिमी पनि आउँदैनौ त बाबु ?' अमृतले आँसु पुछ्दै भने ।*

*'म आमाको अन्तिम संस्कारका लागि केही पैसा पठाइदिन्छु, बाबा । म अहिले आउन सक्दिनँ, तर पछि आउँछु ।' रूद्रले भन्यो ।*

*'भयो, छोरा । पैसा पनि चाहिँदैन । तिमीहरू सुखी रहनु, त्यत्ति भए पुग्छ ।' अमृतले फोन काटे र थचक्क बस्दै दुबै हातले टाउको छोपेर ग्वाँग्वाँ रून थाले ।*


*- सुरेशकुमार पाण्डे (लघुकथा कुनोबाट)*

## सपना कतिपयभित्र नियाल्दा



**अरूणबहादुर खत्री**

लघुकथाकार कुमार काफ्लेको सपना कतिपय नामक लघुकथासङ्ग्रह २०८१ मा प्रकाशित भएको छ । यसभन्दा अगाडि उनको हजार सपना नामक उपन्यास २०७२ सालमा निस्केको थियो । यस कृतिभित्र उनले लेखेका मृत्योन्मुख मानवता, पार्सल, बिडम्बना, स्वतन्त्रता, यथार्थ, निशाना लगायत विभिन्न शीर्षकका ५४ वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ५४ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको मृत्योन्मुख मानवता शीर्षकको पहिलो लघुकथामा साँझ पर्न लागेको थियो । जङ्गलको बाटो थियो । चारजना युवा नसाको तालमा त्यहीँ बाटोबाट हिँडिरहेका थिए । बाटोमुनि सानो चिटिक्क परेको हरियो दुवे चउर थियो । त्यो सुनसानमा एउटी रूपवती युवती मस्तसँग सुतिरहेकी देखिइन् । चारैजना एकछिन त छक्क परे र बिस्तारै बिस्तारै त्यतै लागे भनिएको छ । यस कृतिको नामसँग जुधेको सपना कतिपय शीर्षकको लघुकथामा नाम सन्तोष भए पनि ऊ सारै असन्तोषी स्वभावको थियो । ऊ रातारात धनी बन्ने सपना देख्थ्यो । सजिलो गरी पैसा नकमाइने बुझेपछि उसले दुई नम्बरी धन्या सुरू गर्दछ । पैसाका अघि सबथोक उसलाई महत्वहीन लाग्न थालेको छ ।




लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अंग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । प्रशंसाको मूल्य शीर्षकको लघुकथामा निकैबेर गमेपछि लालबहादुर धनबहादुरको घरतिर सोझियो । धनबहादुर पिढीँमा बसेर तमाखु खाइरहेको थियो । ऊ त्यहाँ नपुग्दै कुकुर झम्टिहाल्यो । खासमा उसलाई कुकुर मनै पर्दैनथ्यो । अरूबेला भए ढुङ्गो टिपेर हानिसक्थ्यो तर आज कुरै अर्कै थियो भनिएको छ । यसभित्र लेखिएका लघुकथा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार कुमारले मनन गरेका छन् । निशाना शीर्षकको लघुकथामा पाँच वर्ष अघिदेखिको प्रेमले सामाजिक मान्यता पाएको थियो । तर अफसोच । बिहेको प्रथम रात्रीमा राधा र कृष्णसँग सुन्न सुनाउन लायक कुरा केही बाँकी थिएनन् । च्याट, डेटिङ र भेटघाटमा सबैथोक भइसकेको थियो । त्यतिबेला सबै राम्रा कुरा गर्ने र कमजोरी लुकाएर उनीहरू देखावटीपनमा रमाउँथे भनिएको छ । यसभित्र ५४ वटा लघुकथा गाँसिएका छन् । विषयवस्तुका हिसाबले बहुमुखी छन् । राजनीतिक, विकृति-विसङ्गति, सामाजिक बिडम्बना, आर्थिक विपन्नता, बौद्धिक दयनीयता, सांस्कृतिक विचलन, अनेक खालका विभेदलगायत जस्ता विषयहरूमा कुमारका लघुकथाहरूले व्यङ्ग्य गरिएको छ । भाषा सरल छ । कसिएको छ । प्रस्तुति मिठो छ । सुरम्य छ । लघुत्व छ । सङ्क्षिप्त छ । पढ्दा निकै आनन्द आउँछ ।

सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन् । मान्छेका प्रवृत्ति र उसले बिर्सदै गएको आफ्नो धरातल तथा हराइरहेको मानविय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ । आशावादी भएर समाजका विकृतिलाई निर्मूल पारेर एउटा सुन्दर समाज निर्माण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि यस सङ्ग्रहभित्रका कथा सक्षम छन् । स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन । यही समाजमा रहेका सङ्गत, बिसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नुनै पर्छ । कमरेड हेलेन शीर्षकको लघुकथामा क्रान्तिमा होमिएर शोषित उत्पीडितहरूको अधिकार प्राप्तिको लडाइँमा कमरेड हेलेनले एउटा हात गुमाउनु परेको थियो । शान्ति प्रक्रियामा ऊ शिविरमा बस्यो । अयोग्य लडाकु घोषित भयो ।

हालचाल शीर्षकको लघुकथामा हिमाल हाँसेको अनि पहाड बोलेको कुरा ऊ बताउथ्यो । मलाई एकछिन कसैले व्यवधान नपुऱ्याउनुस् है, नदीसँग सुखदुःखका बात मार्दैछु, तालसँग पीडा पोख्दैछु भनिएको छ । हिसाब शीर्षकको लघुकथामा परिश्रमको फल प्राप्त हुदै जाँदा त्यसको जस धेरैले लिन खोजे भनेर कुमारले लेखेका छन् । उनले लेखेका लघुकथामा ब्यङ्ग्यचेत प्रखर भएर आएको देखिन्छ । समाजका बिसङ्गति-असङ्गति तथा विकृति माथि व्यङ्ग्य प्रहार गर्नु प्रमुख अभिध्यय रहेको छ । प्रस्तुत लघुकथा सङ्ग्रहका देश, काल र परिस्थितिहरू समसामयिक समाज मैत्री परिवेश रहेका छन् ।

यस सङ्ग्रहभित्रको बहुला समय शीर्षकको लघुकथामा सोबलेले बल बैंश छउन्जेल दिनरात नभनी, कहिलेकाँही आफ्नै र धेरैजसो गाउँका मुखियाको घरखेतमा काम गऱ्यो । मुख्यौलीको जमाना त उहिल्यै गइसकेको हो तर उनीहरूका छोरा, नातिकोमा समेत ऊ काम गर्न जान्थ्यो भनिएको छ । प्रस्तुत लघुकथासङ्ग्रहमा देश, काल र परिस्थितिहरू समसामयिक एवं दैनन्दिन जीवनसँग सापेक्षित हुनुका साथै समाज मैत्री परिवेशमा आधारित रहेका छन् । मानिसका जीवनका कतिपय सपनाहरू विलय हुन्छन् भने कतिपय विपनाहरू जागृत हुन्छन् । तथापि यस लघुकथा सङ्ग्रहमा सामाजिक, आदर्श स्थापनाका लागि यथार्थ जीवनको घटना र पात्रीय सन्दर्भको आदर्श कथनलाई लघुकथाहरूले यथार्थको झल्को प्रशस्त दिएको पाइन्छ । लघृकथा आफैमा आकर्षक विषय हो, यो विषयको धर्म यस पुस्तकमा निर्वाह गरिएको छ ।

कथा आफैमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ । अर्थात् लघुकथा कथाको संक्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मतम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । अन्त्यमा लघुकथाकार कुमारको यस्तैखाले चित्ताकर्षक अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने आशा गरौं । लेखकको उत्साह देख्दा छिटै अन्य कृति आउनेछन् ।

प्रकाशकः नमस्ते आधुनिक लघुकथा मञ्च, चितवन
संस्करणः प्रथम, वि.सं. २०८१, वैशाख
मूल्यः रू.३३३।- पृष्ठः १२० । मोबाइल नं. ९८४१७९७६६४, बूढानिलकण्ठ ।




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# किन आएन रामराज्य ?

पञ्चायत खराव छ, पञ्चायतले प्रजातन्त्र, मानवाधिकार, समृद्धि सबै सखाप पार्‍यो भन्ने भाष्य निर्माण गरेर राजाविरूद्ध आन्दोलन छेडियो । जनमत संग्रहबाट फाल्न नसकेको पञ्चायत ०४६ सालमा भएको युवाको आन्दोलनले फालियो, बहुदल आयो । अब त रामराज्य आउँछ, न्याय पाइन्छ, प्रजातन्त्र पनि आयो, मानवाधिकार र समानता पनि आउने भयो, सुशासन आयो, समृद्धि आउने राजमार्ग खुल्यो भनियो । तर भ्रष्टाचार यसरी बढ्यो कि नेताहरूले नैतिकता नै समाप्त पारिदिए । नैतिक धरातल सकिएका नेताले रामराज्य दिने कुरा थिएन, भ्रष्टाचारराज्यमा मलजल गर्दै गए ।

त्यसपछि नेताहरूले नै गञ्जागोल फैलाए । राजालाई बाध्य पारे, राजाले चुनाव गराएर पार्टीहरूलाई शासनसत्ता सुम्पिन्छु भन्दा पनि सुख पाएनन् । जनयुद्ध चलेको थियो, जनयुद्धकारी माओवादी पनि आन्दोलनमा होमिए । सबै पार्टीको सडक आन्दोलन र भारतको कूटनीतिक दबाबका कारणले २०६३ साल वैशाख ११ गते राजाले मरेको संसदलाई ब्यूँताइदिए । लोकतन्त्र आयो भनियो । सबैले विश्वास गरेका थिए, अब त रामराज्य आउँछ । अब त समानता र न्याय पाइन्छ । २०६५ साल जेठ १५ गते यिनै नेताहरू मिलेर संविधानसभाको चुनाव गराए, गणतन्त्र कार्यान्वयन गरे । अब त रामराज्य आउने पक्का भयो भन्ने भ्रम छरियो । त्यो संविधानसभाले संविधान बनाउनै सकेन, असफल भयो । फेरि संविधानसभाको चुनाव गराइयो । विश्वमै नभएको दुई दुईपल्टको संविधानसभाको चुनावले बल्ल बल्ल ८ वर्षपछि संविधान जारी गर्‍यो । त्यो संविधानलाई आजसम्म भारतले स्वीकार गरेको छैन, कारण थियो, भारतले केही दिन रोक्न अनुरोध गर्दा पनि यी नेताहरूले फास्ट ट्र्याकबाट संविधान जारी गराए । भारतले नाकावन्दी गरेर दुःख दियो, त्यो दुःख भारतले यिनै नेताहरूको टाउकामा थोपरिदिएको छ । अर्थात् संविधानसभाको चुनावपछि, संविधान जारी भएपछि, ०७४ को आम निर्वाचनपछि, ०७९ को दोस्रो आवधिक चुनावपछि रामराज्य आउँछ भनेर जनताले ठानेका थिए, आएन । पटक्कै रामराज्य आएन । यहाँसम्म कि भ्रष्टाचारतन्त्र बढ्यो, लोकतन्त्र भनिएको व्यवस्थाले लूटतन्त्र मच्चायो, यो व्यवस्थाले देश र जनताको अवस्थामा कुनै सुधार ल्याउन सकेन । असफल नै भयो ।

अब त यिनै नेता भन्न थालेका छन्, सबै पार्टीको सहमतिमा संविधान संशोधन गरिनेछ । अर्थात् संविधान असफल भयो । यो संविधान कार्यान्वयन भएको जतिसुकै डंका पिटे पनि संविधान सबल हुनसकेन । संविधान असफल भएकै कारण कुनै पनि संवैधानिक निकाय स्वस्थ छैनन् । राजनीतिमा अपराधिकरण यसरी बढेको छ कि राजनीति व्यापार, लेनदेनको विषय बनिसक्यो । यतिमात्र होइन, कुनै पनि नेताप्रति जनताको भरविश्वास कायम छैन । राजनीतिप्रति निराशा बढेको छ, नेताप्रति घृणाभाव छ । जनताले बिकल्प नपाएकैले चुनावमा भोट दिन्छन्, यिनै नेता जित्छन् र यिनै नेताले जनमतको अपमान गर्न थाल्छन् । यसरी नै यो लोकतन्त्र चलिरहेको छ ।

आएन, पटक्कै रामराज्य आएन । राजा, धर्म, पञ्चायत, बहुदल सबै खबरव भएकाले ल्याएको लोकतन्त्र पनि झिकिदे गाँड भन्दा थपिदे गाँड हुनपुगेको छ । प्रष्ट के भएको छ भने खराव नेतृत्वभित्रको नैतिकहीनता रहेछ । जनताप्रति जिम्मेवारीवोध नगर्ने मनस्थिति रहेछ । लोकलज्जा र नैतिक सीमामा नबसिदिनाले नेतृत्वले व्यवस्थालाई बदनाम गरेका रहेछन् । यहीकारणले राजनीतिको बागद्वार नेतृत्वमा प्रदूषण बढ्यो, त्यसको प्रतिफल शासन प्रशासन प्रदूषित हुनपुग्यो । रामराज्य आएन, यस्तै चालाले नआउने भयो ।

# लोकतन्त्रमा नैतिकपतनको महामारी सल्क्यो




राजनीतिमा नीति र नैतिकहीनता भनेको सबैभन्दा खराव रोग हो । यो रोग लागेपछि राजनीति विवेकहीन बन्छ । विवेकहीनका लागि कुनै सीमा हुन्न, ऊ जे पनि गर्नसक्छ । लोकतन्त्र चलाउने राजनीतिक दिमागमा भिरङ्गी सल्केपछि न मान रहनछ, न सम्मान । वर्तमान नेपाली राजनीति सुकुलगुण्डो बनेको छ । यस्तो राजनीति न्याय दिँदैन ।

इतिहासअनुसार ३ सेप्टेम्बर १६५८ मा मरेका बेलायती गणतन्त्रवादी शासक ओलिभर क्रमवेलको चिहान खनेर उसको टाउको लण्डनको बीचबजारमा झुण्ड्याइयो । निरकूशताको प्रमाणका रूपमा मरेको बाघको जुँगा उखेलेको त्यो घटना तत्कालीन सभ्यताको सुरूआत मानियो । नेपालमा हिन्दुवाद र राजतन्त्रलाई राजनीतिक आवेगको किलामा ज्यूँदै झुण्ड्याएर धर्मनिरपेक्षता र गणतन्त्र लाइयो । हिन्दुवाद र राजतन्त्र यिनले लेखेको संविधानमा शवमात्र हो तर अहिले पनि जनताको मनमा, जनताको आस्थामा राजतन्त्र बाँचेकै छ । संविधान शब बनेर गनाउँदा धर्मनिरपेक्षता र गणतन्त्रको साँप्रा लुछ्ने र जुकाले जसरी रगत चुस्नेहरू बास्ना आइरहेछ भनेर आँखा चिम्लिरहेका छन् । यिने आँखा खोल्दा श्रीलंका, बंगलादेश अथवा अफगानिस्तानको जस्तो नियति भोग्नुपर्ने संकेतहरू देखिँदैछन् ।

इतिहास साक्षी छ– जननिर्वाचित सदस्य थिए रामराजाप्रसाद सिंह । बिखण्डनको कुरा गर्दा संसदमै उनलाई चड्कन हान्ने निस्किए । २०६५ सालमा गणतन्त्र कार्यान्वयन भएपछि पहिले गिरिजाप्रसाद कोइरालालाई गणतन्त्र नेपालको पहिलो राष्ट्रपति मान्छु भन्ने प्रचण्डले मुख मोडे, आफै राष्ट्रपति बन्न चाहेको पोष्टर वाइसीएलमार्फत त्रिपुरेश्वरको मोडमा टाङ्न लगाए । गिरिजाप्रसाद र नेपाली कांग्रेसीको त्यतिबेला अनुहार हेर्न लायक थियो । सम्झना गर्दा हुन्छ । सिद्धान्तहीनताको त्यो पाप र पीपको पोखरी झै सुकेको छैन । गिरिजाप्रसाद त्यही दोखले मरेको विषय राजनीतिक बहसमा छ । नेपाली राजनीतिमा विश्वासको खडेरी राजाफाल्दा थियो, अहिले पनि छ ।

दलहरूबाट किनारा लगाएका राजाले सुनसरीबाट जनता अब जाग्नुपर्छ भन्दा जनताले ताली बजाए । भक्तपुर, ललितपुर, बाँके, बर्दिया, सुर्खेत, लुम्बिनीबाट सहमतिको राजनीति गर्न आग्रह गर्दा जनताले स्वागत गरे, नेताहरूले वास्ता गरेनन् । असफल लोकतन्त्रे नेताहरू लज्जाहीन छन् ।

२०६३ साल वैशाख ११ गते राजा र सात दलवीच कुनै प्रकारको राजतन्त्र मान्य हुने सहमति तोडेपछि कांग्रेसले हौसिएर आतंककारीको जुत्तामा खुट्टा हालेका थिए । हो, महेन्द्रको जुत्ता लगाएर माइलाछोरा ज्ञानेन्द्र सफल हुन सकेनन् । प्रचण्डको जुत्ता लगाएर गिरिजाप्रसाद तीन बल्ड्याङ् खाए । कांग्रेसजस्तो प्रजातन्त्रवादीले सर्वहारावादीको र मदन भण्डारी मान्ने पार्टीले सिद्धान्तलाई रेट्दा ऊ पनि सफल हुनसकेन । सफल व्यक्तिको जुत्ता लगाउँदैमा जुत्ता लगाउने अग्लो हुने होइन रहेछ । डा.रामवरण यादव कसरी राष्ट्रपति बने, विद्या भण्डारी कसरी सडकबाट शितल निवास पुगिन्, रामराजाप्रसाद सिंहलाई बोकेर हार खाएका हँसिया हथौडावाला प्रचण्डले कांग्रेसलाई मत हालेर रामचन्द्रलाई राष्ट्रपति बनाउनु परेको अथवा रूखवालाले प्रचण्डपंक्तिलाई मत दिएको कथा हेर्ने हो भने राजनीति र स्वस्थानीको लावण्य देश उस्तै उस्तै लाग्छ । सत्ता राजनीतिमा कांग्रेस, एमाले, माओवादीको ताण्डव नृत्य देख्दा लाग्छ निष्ठा र सिद्धान्तको कसीमा यिनको चरित्र माटो बनिसक्यो ।

८ वर्षमा जारी हुन नसकेको संविधान फास्ट ट्याकबाट ०७२ मा जारी गरियो र ०७४ चुनाव भयो । चुनावमा एमालेले कांग्रेसलाई भुइँमै सुताइदियो । त्यो ५ वर्ष झगडा र तानातानमै बित्यो । ०७९ को निर्वाचनमा एमाले पछाडि पर्‍यो, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी केही आशलाग्दा अनुहारसहित उदाए । तर राजनीति उही हानाहाना, तानातान र सेटिङमा छ । यतिबेला सत्तामा भेटिने कांग्रेस एमाले र संसदमा देखिने माओवादी र साना दलहरू एकदोस्रालाई खुइल्याउन अग्रसर छन् । राजनीतिमा सिद्धान्त बचेन ।

जनतामा आक्रोस बढ्दैजाँदा पहिले झलनाथ खनालले झापड खाएका थिए, पछि प्रचण्डले झापड र जुत्ता खाए । ओलीले पनि जुत्ताको प्रहार खाइसकेका छन् । अरू अग्ला भनिएका नेताहरू गाली खाइरहेका छन्, आस्था होच्चिएर बाउन्ने हुँदैछन् । जनताको सम्मान आर्जन गर्ने नेता एकजना पनि छैनन् । लोकतन्त्र गाईजात्रा बन्यो । इन्द्रजात्राको लाखेनाच र लोकतन्त्रका नेताहरूको चाला उस्तै छ । सांसदलाई सडकमै गोली हानेको घटना पनि नेपालमै भएको हो । हरेक नेता निरंकूशमात्र होइन, भ्रष्टाचारी पनि हुन् । नेताको इज्जत चोर आयो भन्ने स्तरमा झरिसकेको छ । संविधानलाई राजनीतिकरण गरेर कानुनव्यवस्थालाई अपराधिकरण गर्ने मूल नाइके बन्ने नेतृत्वको ठूला नेताको होडबाजीले यो अवस्था ल्याएको हो । यसकारण यो लोकतनत्र होइन, पार्टीले हल्ला गर्ने हरेक प्रकारका बादको अन्त्य हो ।

भुइँमान्छे हिजो प्रताडित भए, आज पनि भुइँमान्छे प्रताडित छन् । कहाँ आयो लोकतन्त्र ? भुइँमान्छेभित्रको आक्रोश आगो हो भन्ने कुरा इतिहासले पनि प्रमाणित गरेको छ । डढेलो लागेपछि सत्ता छेक्न सक्दैन । नेतृत्व सजग भए श्रीलंकामा जस्तो जनताले थुतेर दण्ड दिनुपर्ने छैन । वर्तमान सगज नहुँदा दण्डित हुनुपर्नेछ ।

३५औं अमेरिकी राष्ट्रपति केनेडीलाई १९६३ मा गोली हानेर सिध्याइयो । बंगलादेशमा शेख मुजिवर रहमानलाई ढाकामै १९७५ मा गोली हानेर मारिएको हो । आइरन लेडी भनिने इन्दिरा गान्धीलाई सत्तामा भएकै अवस्थामा १९८४ अक्टोबर ३१ को दिन, आफ्नै सुरक्षागार्ड सतवन्त र बेअन्त सिंहले हत्या गरिदिए । अघिल्लो दिन भुवनेश्वरमा उनले भाषण गरेकी थिइन्– आज म यहाँ छु, भोलि नहुन सक्छु । नभन्दै भोलिपल्टै उनको हत्या गरियो । एउटै खालिस्तान मुभमेन्ट उनको हत्याको मूलकारण बन्यो । यसपछि पालो आयो इन्दिरा पुत्र राजीव गान्धीको । १९९१ मे २१ का दिन, तमिलनाडुमा तमिल लिवरेशन टाइगरले धनुमार्फत आरडीएक्ससहितको आत्मघाती बम बिस्फोट गराएर राजीव गान्धीको हत्या गरिएको हो ।

राजधानीको भक्तपुरमा कर्ण हेजुलाई छाताको डाठले घोची घोची मारिएको घटना भक्तपुरेले बिर्सेका छैनन् । हत्याको श्रृंखलामा मिर्जा दिलसाद बेग, जमिम शाह, फैजान अहमद, ज्ञानेन्द्र खड्का, कृष्ण सेन, सार्दल मियाँ, नारायण पोखरेल, उमा सिंह, मैना सुनार, डेकेन्द्र थापाहरू पनि परे । पादरी ग्याफ्नी र जापानी भिक्षुको प्रकरण किन लुकाइयो ? १९९७ सालका हत्याराहरूबारे किन कोही बोल्दैनन् ? दरवार हत्याकाण्डमा वास्तविक दोषी किटान गर्न कसले रोक्यो ? दृष्टान्त अनेक छन्, किन आजका लोकतन्त्रबादी हुँ भन्ने लुटाह नेताहरू इतिहासबाट शिक्षा लिँदैनन् । शिक्षा नलिनेहरू राजनीतिक अपाङ्ग हुन् ।

अनेक वाद छन्, सर्वहारावाद, बहुदलीय जनवाद भन्नेहरूले किन खोजेनन्- १९९३ मे १६ का दिन विचारका प्रवर्तक मदन भण्डारी र जीवराज आश्रितलाई दासढुंगाबाट नारायणीमा कसले, किन खसाल्यो ? मदन भण्डारीकी श्रीमती ८ वर्ष राष्ट्रपति बनिन्, उनले समेत यसमा चासो देखाइनन् । अब एमालेमा सकृय बनेर प्रधानमन्त्री बन्ने दाउ खोजेको चर्चा छ । के नेपाल अपराधको चिहान हो, चिहान खोस्रने कोही छैनन् ? अपराधी मानसिकता बढेको छ । २०६४ सालमा हिन्दु धर्म र २०६५ सालमा राजतन्त्रको बलिदान किन गरियो ? कुन जनबल र जनादेशको शक्तिले बली चढाइयो ? बलिदान गरेपछि प्राप्ति के भो ? आजका राजनीतिक नेतृत्वले वर्तमान र इतिहासलाई जवाफ दिनुपर्दैन ?

छैन, नेतृत्वसँग जनसवालको जवाफ छैन । गंगामायाँ अधिकारीले किन न्याय पाइनन् ? टीकापुरमा किन दुधेबालकको हत्या गरियो ? निर्मला पन्तको बलात्कारी र हत्यारा को हो ? ३८ क्विन्टल सुन, ३३ किलो सुन र सिलसिलेवार हत्यारा को को हुन् ? वाइडबडी, सहकारी, लघुबित्त प्रकरण, मिटरव्याजको चक्कर सबै राष्ट्रिय ढुकुटी र राष्ट्रिय सम्पत्तिलाई फुपुको श्राद्धमा उडाएजसरी उडाउने शासकहरूले जे गरिरहेका छन्, त्यो निर्विकल्प प्रजातन्त्र अथवा जनताको बहुदलीय जनवाद नै हो त ? सर्वहाराको राजनीति गर्छु भन्नेहरू कर्महारा बनेका छन् । परिवर्तनबाट समृद्धि, शान्ति र सुखानुभूतिको अपेक्षा गर्ने सोझा जनताका सामु यी परिवर्तनका नायकहरू अर्काले ठड्याइदिएका बुख्याँचा हुन् ?


नेपाली कमारा हुन् कि सार्वभौमसत्ता सम्पन्न नागरिक ? नागरिकलाई कमारा ठान्ने हो भने लोकतान्त्रिक अग्रगमनकारी कोही पनि नेपाली हो भन्न लायक नै छैनन् । नागरिक सार्वभौम छन् भने नागरिकले नागरिक हक किन पाइरहेका छैनन् ? लोकतन्त्रलाई गायत्री मन्त्र बनाएर र समाजवाद भनेर जपिरहने अन्धभक्त मार्काहरू जनता हकारेर र लोकतन्त्र डकारेर मात्र पुग्दैन, नीति नैतिकता र सिद्धान्तमा पनि उभिनुपर्छ भन्ने किन बिर्सेका ? सार्वभौमिकता र लोकतन्त्रका बलात्कारीहरूले लोकतन्त्रको मर्म र महिमा मिचेर लोकतन्त्रको दुहाई दिएको के अर्थ ? लुटेरा, सत्तामहत्वाकांक्षी मार्काहरूलाई ज्ञात होस्– डाइनामाइटको आविस्कारकले साहित्यमा नोबेल पुरस्कार राखेका हुन् । मानवीय मूल्य र मान्यतामा, मान्छेको पहिचान र अस्तित्वमा डाइनामाइट प्रयोग गरिन्न भन्ने प्रत्याभूति थियो त्यो । त्यति पनि नबुझ्ने अबुझहरू जनताको बहुदलीय जनवाद र समाजवादको अर्थ बुझ्दैनन् भने त्यसको व्याख्या गर्न महेन्द्रले दियालो बंगलाबाट, मदन भण्डारी नारायणी नदीको कोखबाट, वीपी कोइरालाले अर्को जन्म लिनुपर्छ, कि यस्ता नक्कली मयुरपंखीहरू समाप्त हुनुपर्छ । यही अन्तर्य हो, भुइँमान्छेले पूजा गर्न तैयार गरेका आफ्नै प्रतिनिधिलाई गाला चड्काउनु, जुत्ता हान्नु र घृणा गर्नु ।

हेर– पशुपतिक्षेत्र, बागमती किनारमा विरूप विरूपाक्षको मूर्ति छ । विरूपाक्ष अर्थात यौनतृष्णाको अन्धोबेग, आमासँग यौनतृष्णा मेटाउने कुरूप । यो मूर्तिलाई कलियुगको मूर्ति पनि भनिन्छ । यो मूर्ति जमीनमा धसिएको छ । यो मूर्ति जमीनबाहिर निस्केपछि ध्वस्तयुग आउने छ भन्ने मान्यता छ । पशुपतिक्षेत्र जाने र अध्ययन गर्नेहरूका अनुसार यो विरूप विरूपाक्षको मूर्ति क्रमसः बाहिर निस्कदैछ । यो प्रसङ्ग यसकारण पनि महत्वपूर्ण छ कि मान्छेलाई विवेकी भनिन्छ, मान्छेका व्यवहार विवेकहीन बनेपछि बाँदर र मान्छेमा भिन्नता बाँकी रहन्न । यौनाङजस्तै दिमागमा भिरङ्गी सल्केपछि मान्छे कुन, पशु कुन ? जो सत्य बुझ्छन् र सही छन्, छायाँमा छन् । वर्तमान नेपालका राजनीतिक, सामाजिक, आर्थिक, बौद्धिक सबै क्षेत्र नैतिकहीन र छाडा यौनबजारजस्तै बनेको अनुभूति जो कसैलाई भएको हुनुपर्छ । चेतनशील समाजमा नेपालमा जस्तो मूर्दा शान्ति हुन्छ र ? देश त जिवन्त हुनुपर्छ, मर्दै गएको छ चेतना, हामी उभिएको भूगोल चिहानजस्तो लाग्छ । वीरको देशमा वीररस छैन, भ्रष्टाचाररस मात्र देखिन्छ । भ्रष्टाचारीको शासन भनेको जंगल हो, जंगल विषालु हुन्छ ।

हाम्रो राजनीति विरूपाक्षको संस्करण भएको त छैन ? अनुरोध यत्ति छ, नेतृत्वमा रहेका प्रत्येकले ऐनमा आफ्नै अनुहार हेरून् र अन्यायको टुकुचामा डुबेर कति सफा र सुग्घरी छौं, दिमाग कति स्वच्छ छ ? बिचार गरून् ।



# दास भनेको दास नै हो भन्ने चेत आओस्



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

यो व्यवस्थाले अवस्था बदल्न सकेन । तर मण्डी ओढेर घ्यू खानेहरूलाई खूब मौका दिएको छ । यसकारण रनभुल्ल परेका छन्, भरत दाइ । ठूलो पाटोको डाँडामा बसेर टोलाउँदै कसैको पर्खाइमा हो कि जस्तो भान हुन्छ । ओरपर हेर्छन् । कोही पनि देख्दैनन् । खोल्सै-खोल्सा कोही आएको हो कि भनेर पहिले पानी लिन जाने गरेको पँधेरोको खोल्सातिरबाट खस्याक-खुस्युक गरेको सुन्छन् । कान ठाडो पारेर तिखो नजर लगाएर त्यतैतिर हेर्छन् । 'को हो हँ ? त्यतातिर को छ ?'

कोही बोल्दैनन् । भरत दाइ फेरि कराउँछन्- को हो ? अलि माथि भान्दाकै पहिरोको बाटोहुँदै १७-१८ जनाजति ओर्लंदै छन् । टाढाबाट हेर्दा तिनको हातमा शायद चारतारे झण्डाजस्तो देखिन्छ । परै भएकाले उनीहरूले लगाको नारा पनि सुनिँदैन । उनलाई झारको बुट्यानले के आयो भन्ने ठम्याउँन पनि गाह्रो पर्ने भएछ ।

पहाडका मान्छे अधिकांश बेसीतिर झरिसकेका छन् । अलि सुख सुविधा खोज्नेहरू त बजारमै पुगिसके । तर भरत दाइको परिवारले भने थाँतथलो छाडेको छैन । उनी बुझेका पनि तर बुझेको नबुझ्यै गर्दिने मान्छे जस्तो भइदिन्छन् । हजुरबाउको टन्नै सम्पत्ति भएर पनि होला । छाडेर कहाँ जाने ? रेमिट्यान्सले हो कि काँठमा जग्गाको भाउले सबको फूर्ति पनि बढिराको छ । जग्गा भएका भरत दाइ के कम ?

आवाज सुनियो- भोट के मा ? रूखमा । रूख कसको कांग्रेसको । भरत दाइले सुन्न भ्याए । अनि फतफताउन थाले । 'लौ फेरि उही कुरा' ! १७ सालदेखि यस्तै भन्दै हिँडेको ७० वर्ष पुग्न लागिसक्यो । नारा लगाउने लस्कर उनी नजिकै आइपुगे । श्रीहरिले सोधे, 'के हो काका यसपाली त भन्न नपर्ला नि ? थाहा होला नि ।'

पर्दैन पर्दैन, भरत दाइले उत्तर दिए । यति भएपछि त कुरा सक्किगो नि । जुलुसको नेतृत्व गरिरहेको श्रीहरि बोल्यो । 'हिजो दाइको कुरो सुन्नु भो नि' । 'अँ सुने, अहिले मोवाइलाँ पनि हरिराँको छु' भरतदाइ मुस्कुराए । भरतको कुरा विचरा केटाहरूले के बुझ्थे । ल ल भनेर ओरालो लागे । भरतलाई सनिष्टारतिर आँखा डुलाउँदै थिए । पण्डितको डाँडामा भिड थियो । मान्छेहरूको ओहोर दोहोर देखिन्थ्यो । उनले भने, 'भेडा भनेको भेडा नै हो । यो व्यवस्थाले भेडा बनाएरै छाड्यो ।'

टन्न मासुभात खायो हिड्यो । हावाको भरमा कुदिराका छन् । 'एक छाकेहरू ।'

उता सनिष्टारतिरको रमिता पनि सकिए जस्तो छ । टार बट्टेको आँगनै आँगन माझा घरे कान्छा घरतिर राता झण्डा हल्लाउँदै हिडेका छन् । सायद कान्छा घरतिर छिरेनन् । बरू उता श्यामको घराँ छिरेर सबै डिलमा बसेका छन् । खुवै भलाकुसारी गरे जस्तै गरी । विहेमा जन्ती अन्माउनका लागि तयार गरे जस्तै गरी । भरत काकाले डाँडाबाटै कराएँ । हुन न अहिले डाँडाको कुराले सामाजिक सञ्जाल रंगिएको छ । भरत दाइ पनि डाँडामा नै बसेका छन् । धन्न उनको हातमा प्रविधिसँग जोड्ने ल्यापटप रहेनछ । नत्र उनले पनि दुई चार लाखको कुरा गर्थे होलान् ।

कहावत नै छ- डाँडाको घर पैराको डर भन्छन् । डाँडोका चर्चाले भरतलाई पनि छटपट्टि नभएको कहाँ हो र । तर उनलाई कसले के भन्छ भन्ने सरोकार नै छैन । बरू अगाडि नै 'प्याच्च प्याच्च' बोलिदिन्छन् । उपचुनाउको रमझम । सबलाई आफ्नै दाउ त हो । दिनभरी बाहुन रातभरी डाउन भने जस्तो । कोही पेट्रोलमा चम्केका छन् कोही झोलको रहरमा त कोही रिचार्ज कार्डमा भौतारिएका छन् । जे होस यस्तो कर्म त हरेक वर्ष भईदिएपनि घरभित्र थन्काएर राखेको पैसा त निस्कन थालेको छ । रातो फेटा बानेका दुई चार केटाहरू डाँडोमा नै आईपुगिसकेका छन् । केटाहरूको केही समय जागिर पाका छन् । लौ है भरत काका बुझ्नु होला ।

भरत काकाले भने- 'के बुझ्नु नि' । हैन अधिसम्म तारे अहिले फेरि रातो के हो केटा मैले बुझिनँ ।उसले पनि बुझाउन प्रयत्न के गर्दथ्यो । लहैलहैमा लागेको जस्तो । बोल्नेले ढंग नपुऱ्याउँदै अहिले पनि दिनभरको मेलो पुऱ्याउने त हो । बुझेर बोले पनि हुन्छ । चर्चामै आउनेगरी बोलेर के फाइदा हुन्छ । कीर्तिपुरको डाँडामा नै बसेर महिनाको दुई-चार लाख कमाउने सपना देखाउनेहरूबाट धेरै अपेक्षा ? नगरे पनि हुन्छ है भनेर उल्टै 'माइग्रेन बढ्छ' भन्छन् हरि दाइ । काका जिल्ल परे ।

०४६ सालपछि प्रजातन्त्र प्राप्त भएको ३५ वर्ष बितिसक्यो । प्रजातन्त्रलाई दुहुने काम मात्र भो । जनतालाई आधुनिक दास स्वीकार भो । अब त नयाँ-नयाँ कुरा पो चाहियो नि । त्यसका लागि नयाँ-नयाँ मान्छे चाहियो । यही ३५ वर्षदेखि मस्त मारिरहेका दुई दललाई सरकार त्यसका लागि नयाँ-नयाँ मान्छे चाहियो । त्यही ३५ वर्षदेखि मस्त मारिरहेका दुई दलले सरकार हाँकिरहेका छन् । अनि यिनैले फेरि हावादार भाषण गर्दछन् । जनतालाई गाँसको ग्यारेण्टी हुन पर्ने कि नपर्ने ? वासको ग्यारेण्टी गर्ने कसले ? राज्य छ भन्ने भान कसले गराउने ? यो हुन्न वा त्यो हुन्न भन्ने हो भने भने हुन्छ के भन्ने कुरा पनि देखाउनुपऱ्यो । उता लाल झण्डाहरूले पनि भरत दाइ चिर्पटहरूलाई कुनै न कुनै वाणले ठोकिरहेका छन् । हानिरहेका छन् ।

बूढाहरूले पार्टी हाँकेका छन् अनि सरकार पनि हाँकिरहेका छन् । युवाहरूलाई विदेश निकासी गरेर रेमिट्यान्समा ऱ्याल गाडिरहेका छन् । कहिले बाखा काण्ड त केहीले के काण्डमा मुछिनेले अहिले फेरि डाँडामा बसेर ल्यापटप चलाएर महिनामा लाखौं कमाउने सपना देखाउनु त 'महापाप' हो नि ! डाँडैमा बसेर लाखौं लाख कमाउँछन् भन्नु सकारात्मक कुरा होला होस् । तर, जनतालाई भ्रममा पार्न आफूले मात्र यो देशको ठेक्का हान्न खोज्नेहरूको विकल्प खोज्नु पर्दछ । विकल्प रोज्नु पर्दछ । परम्परागत दास प्रथा मात्र होइन अहिलेको आधुनिक दासबाटसमेत नागरिक मुक्त हुन सिक्नुपर्दछ । दास त दास नै हो भन्ने चेत नागरिकमा आउनुपर्छ ।

# मानवताको दुश्मन हुनथाल्यो पुँजीवाद



सुरेशकुमार पाण्डे

संसार भरिमा सबैभन्दा खतरनाक रोग भनेको पुँजिवादी रोग देखिन्छ ।यो सरूवा रोगले लगभग संसारमा कब्जा जमाइसकेको हामिले पाउँछौ । पुँजीवाद अनियन्तरण अवस्थामा अगाडी बढ्दै जाँदा त्यो साम्राज्यवादमा परिवर्तित भएको छ । साम्राज्यावाद मानिसको लागि घातक छ । पुँजिको विकाश हुनु नराम्रो होइन तर त्यसको आदि हुने व्यवहारले पुँजिवादी व्यवस्था आफैमा एउटा यस्तो रोग प्रमाणित हुनपुग्यो, जस्को उपचार आधुनिक बिष्फोट हो । एउटा यस्तो विस्फोट जस्ले सबै ढाँचाहरूलाई ध्वस्त पारेर न्यायसंगत नयाँ जगमा व्यवस्थालाई उभ्याउँन सकोस् ।

धन कमाउने होडमा मानिसहरू अन्धा भएकाहुन्छन् । जुनसुकै अवस्थामा पनि उनिहरूलाई धन कमाउनुपर्छ । हामीले देखिरहेका छौँ पुँजीले पुँजिलाई तानेको हुन्छ । धनी मानिसले गरिब र उनिहरूको परिश्रमलाई चुसेको छ । धनमानले विस्तारै गरिब, श्रमिक किसानहरूको परिश्रमलाई लुटेर उनिहरू ढाडिदै जान्छन् र गरिब किसान झनपछि झन सुक्दै जान्छन् । यहाँसम्म की एउटी महिलाको देह व्यापार गराएर त्यो देह व्यापारमा समेत लुट्छन् ।

महिला हरूलाई बस्तु ठानेर मोडल, सुन्दरी र सामान बिक्रीको श्रोत तैयार पार्न उनिहरूको नङ्गता प्रदर्शन् गराउँछन् । महिलाहरूको शारीरिक र मानसिक शोषण गरेर हुर्किन खोज्छन् ।

यसरी शोषक फटाहा आफै नाइके भएर यो राजनीतिक व्यवस्थालाई आफ्नै नीजि स्वार्थमा नियन्त्रण गराइदिन्छ । कोठा सञ्चालनकर्ताले त्यो कोठामा रहेका अधिकांश महिला देह कमीको कमाइ एक्लैले हसबैको भन्दा बढी रकम कोठा बापत लिन्छ ।

ती महिंलाहरूले खानको लागि मात्र देह धन्दा गरेका हुन्छन् भने त्यो ठेकेदारले मुनाफाकमाउन उनिहरूलाई देह धन्दा गराएको हुन्छ । जुनसुकै निकाएंमा पनि यही प्रकारको व्यवहार देख्न सकिन्छ ।

राजनीतिक पार्टीहरूले भ्रष्टाचारको बिरोध गर्दागर्दै आफै भ्रष्टाचारमा लिप्त हुनपुग्छन् । जुनसुकै झण्डा उठाएपनि उनिहरू मध्य धेरैजसोको मुख्य उदेश्य पद प्रतिष्ठामा पुगेर देश र जनताको दोहन गर्नेनै भयो । जहाँ पनि घटिया राजनीति लुटतन्त्र चलेकै हुन्छ । धनमानले देश र जनतालाई लुटेर आफ्नो साम्राज्य खडा गर्ने प्रयत्न गर्दछन् ।

हाम्रो छिमेकी भारतको आजादी भन्दा पहिले भारतीय केही धनीहरू अंग्रेजको जी हजुरीमा आफ्नो शान सम्झिन्थे । आजादी पछि केही धनिहरूले अंग्रेजकै पद चिन्हमा हिंडे र देशलाई पनि उतै लतारदै गए । उधारणका लागि यस्तै मानिसको भिडमा केही सिक्काहरू फ्याँकेपछि त्यो भिड आ-आफ्नो समस्या भुलेर सिक्काहरू बटुल्न थाल्छन् । त्यही प्रकारले जस्तोकी भारतमा सुरू सुरूमा जीओ कम्पनीले नेट सेवा फ्री गरायो । जिओको फ्री नेट पाएपछि सबैले जीयोका ग्राहक बने । जब दुइ तिहाई संख्या जीयोका ग्राहक भए । उसले सुल्क सुरू गर्यो तर अरूको भन्दा कम विस्तारै अहिले जीओको शुल्क अरूको मुकाविलामा कम छैन । नेपालमा पनि यही र यस्तै भइरहेको छ ।

हात हातमा मोवाइल, कोठा कोठामा कम्प्युटर, मानिसहरू नेटको आदी भए अब उनिहरूले जति मूल्य चुकाएर पनि नेट चलाउनै पर्छ । भारतमा मुकेस अम्वानी ,अनिल धिरूभाई अडानी लगायतका धनीहरूको कब्जामा अहिले पनि राज्य व्यवस्था छ । नेपालमा पनि सञ्चारकर्मी र नेट व्यापारी शक्तिशाली छन्, अर्थतन्त्र व्यापारीमै निर्भर छ ।

साम्राज्यावादको व्यवहार यस्तै प्रकारको हुन्छन् । एउटा धनी देशले अरू गरिब कम्जोर देशहरूको सार्वभौम सत्तामा आफ्नो हक जमाउने प्रयत्न गर्नु जस्तै हो । मानिदेऊँ हाम्रो देशमा एउटा सहरको बजारमा यहाँ भएका धेरैजसो व्यापारीहरू लोकल हुन् । यही बाजारमा एउटा ठुलो सुपर मार्किट बनाईदिएर साना पसेलेलाई विस्तारै सुकाइदिन्छन् ।

नजिकैको एउटा दोकानदारले दुई रूपिँया नाफ कमाइन भने उस्को अबस्था कम्जोर हुँदैजान्छ । तर सुपर मार्किटले एकै रूपियाँ फाइदा लिएपनि उस्ले धेरै धन् कमाएको हुन्छ । त्सकारण उसलाई यो सहरका अन्य दोकानदारहरूलाई सुकाउँन धेरै समय लाग्दैन । अहिले पनि त्यो प्रयत्न हुँदै आएको देखिन्छ । ठाउँठाउँमा एनजिओ र आइएनजिओले यस्ता प्रयासहरू गर्दै आएका हुन्छन् । उनिहरूले कमिसनको लोभ देखाएर महङ्गा महङ्गा औषधीहरू र अन्य समानहरू बेच्न लगाएर बजारलाई ध्वस्त पार्ने गर्दै आएको हामीले पाउछौँ ।

साम्राज्यबादी रणनीति भनेको विश्वमा आफ्नो अधिपत्य कायम राख्ने हो र उनिहरू त्यसैमा लीन हुन्छन् । स्वयम पुँजिवादी देशहरू स्वार्थमा यो कुरा भुसुक्कै बिर्शिएका हुन्छन् की उनिहरू पनि साम्राज्यावादको घेराभित्र छन् । तर पनि उनिहरू साम्राज्यावादको वकालत गर्न छाड्दैनन् । पहिले लोभमा पछि वाध्यतावस उनिहरू साम्राज्यवादको गोटी बनेका हुन्छन् । पुँजिवादले प्रत्येक व्यक्तीमा पुँजिको नशा पैदा गर्दिएको छ । बाले छोरासँग छोराले बा सँग कमिसन खाने नियती पैदा गर्दियो । आज कसैलाई पनि कसैको सरोकार छ भने त्यो हो पैसा ।

हाम्रो जस्तो गरिब देश जसको एउटा शिक्षण संस्थामा आफ्ना कर्मचारीहरूलाई दिने तलब र भत्ता छैन । गाउँलेहरूले चन्दाको रूपमा आर्थिक सहयोग गरेर स्कुल सञ्चालन गरेका हुन्छन् । यही देशको एउटा बोडिङ स्कुल नीजि विध्यालयले ठुलो मुनाफा आर्जेको हुन्छ । हाम्रो देश कता जाँदै छ ? एकातिर हामिले भन्छौं हामी धार्मिक हौं । धर्म क्रममा बिश्वास राख्छौं । पूजापाठ गर्छौं अनि त्यसपछि के गर्छौं त ? अब हाम्रो व्यवहारतिर जाउँ, क्षणभर निधार खुम्चाएर दैनिक व्यवहार नियालौं र सोंचौं- हामी साँच्चै धार्मिक हौं त ?

एकातिर धर्मकै नाममा नाङ्गा खुकुरी खुंडा प्रदर्शन गरेर धर्मको उपहास गरेका हुन्छौं । पशुको बली दिएर आफुलाई अब्बल दर्जाको धार्मिक ठान्छौं । परमपराको नाउमा हिंशात्मक गतिबिधी गरेर आफुलाई अहिंशाका पुजारी ठान्छौं । समाजलाई पाषाण युगतिर धकेल्दै छौं ।

के मठ मन्दीर जानु भजन किर्तन गर्नु धर्म हो त ? यो त एउटा सामाजिक परम्परा मात्र हो । धर्म भनेको त मानवतावादी, जीवजन्तुको रक्षक असहायहरूको उत्थान आदि हुनुपर्छ । लक्षहोम, बत्ती बालेर सप्ताह लगाएर, दान दिएर मात्र धर्मको कल्पना गर्नेहरूले बुझि राख्ने कुरा हो । प्रमुख मानवता हो ।

सक्छौं भने धर्म देखाउन होइन अपनाउने गरौं । धर्म मानवतामा छ ।

विद्यालयमा शोषण छ । सरकारले विध्यालय व्यवस्थापनबाट आफ्नो हात हटाएर समाजको हवाला छाड्दिएको छ । जहाँ जस्तो समाज उस्तै त्यहाँको व्यवहार हुन्छ । त्यसो गर्नु र गराउनु विध्यालय व्यवस्थापनको वाध्यता भएको छ । सरकारसँग विध्यालयमा खर्चिने आर्थिक श्रोत छैन । त्यसैको परिणाम हो सरकारी स्कुलमा सप्ताह लगाउने गरिन्छ । त्यसबाट आएको केही रकमबाट भवन मरमत वा मास्टरहरूलाई तलबको व्यवस्था गर्ने गरिन्छ । यस्तो दयानिय आजको शिक्षण संस्थानको अवस्था छ । शिक्षाको गुणस्तर कसरी सुधिन्छ अनि । त्यसैले गर्दा नीजि स्कुलहरू मुनाफामा छन् र उनिहरूले सरकारी स्कुलले जस्तै कष्ट गर्नुपर्दैन ?

अहिले त देश चलाउन पनि दाता खोजिरहेका हुन्छन् । त्यसैको परिणाम हो, एमसीसी, बीआरआईजस्ता योजना ।

एकातिर हाम्रो सम्विधानले हाम्रो मूलुकलाई समाजवाद अनमुख र समावेसी भनेको छ । अर्कोतिर शिक्षाण संस्थाहरूको यस्तो दुर्गती छ । देशको कम्युनिष्ट आन्दोलन आफै पनि आध्यात्मिकवादी जगमा उभिएको छ । जस्को उदेश्य समाजवाद साम्यवाद होइन धनवाद र साम्राज्यावादको पिछलग्गु बन्नु हो । कम्युनिष्ट नेता भन्नेहरू भ्रष्टाचार, अनैतिकता, मानव तस्करमा मुछिएका छन् । कहालिलाग्दो कम्युनिष्टको अवस्था देखिन्छ । यिनले गर्ने समाज परिवर्तन, संस्कृती रूपान्तरण कस्तो होला ? यसको अर्थ आमूल परिवर्तन जरूरी भइसकेको छ । व्यक्ती भित्रको सोंचमा परिवर्तन् नहुँदासम्म समाजलाई बदल्न सकिदैन । आजको यो अनियन्त्रि भैष्ट पुँजिवादी समाजले जानी नजानी साम्राज्यवाद बोकिरहेको छ । जो मानवता र परिवर्तनको ठूलो दुश्मन् हो ।

# १४२ वर्ष कोठामा थुनिएको चित्र



*रमेश खनाल*
*कलाकार, कला समीक्षक*

The Execution of Lady Jane Grey – 1833

Let This Worthy Lady Pass for a SaintM and Let all great LadiesWhich bear her room imitate her virtuese.

John FoxeŚs Words in the 1563. Book of Martyrs.

आखिर 'जेनी ग्रे' को गल्ती के थियो ? उनलाई मृत्यु दण्ड दिइयो ? उनले हेनरी सातौको अवेज्ञा गरेकी थिईन । हेनरी सातौले युवराजा इडुवार्ड छैठौको मृत्यु' पछि आफ्नो नातिनी सत्र वर्षीय किशोरी 'जेनी ग्रे' लाई वेलायतकी महारानी ह'नेछिन् भनि घोषणा गरेका थिए । महारानी भएर श्रीपेच लगाउने नौ दिन मात्र बाँकी हुँदा 'जेनी ग्रे' ले रानी हुन इन्कार गरेकी थिईन । उनको ठाँउमा म्यारी टुडोर रानी भएकी थिईन . उनीले नै 'जेनी ग्रे'लाई मृत्यु दण्ड दिने घोषणा गरेकी थिइन । 'जेनी ग्रे' किशोरीलाई लण्डनको टाउर हिल अगाडि चट्टै घाँटी काटिदिएको थियो । यै; विषयलाई आधार बनाएर ब्रिटिस कलाकार पाउल डिलारोछे (Paul Delaroche) ले ९७-११७ को ठूलो यथार्थवादी चित्र बनाए . इ. १८३३ मा तेल रङ्ग बाट बनाइएको यो चित्रलाई तत्कालिन प्रशासकहरूले बाहिर ल्याउन नै चाहेनन् । काटिने किशोरी मानवतावादी थिईन । बिनाकारण १२ फेब्रुअरी १५५४४ मा मृत्युदण्ड पाएकी जेनी ग्रे को ब्यापक विरोध हुने अड्कल काटेर १९७५ सम्म त्यो चित्र लुकाएर राखियो । तर पाउलको उक्त उत्कृष्ट चित्रलाई इ १९७५ देखि नेशनल ग्यालरीमा प्रदर्शनीका लागि राखियो । लण्डनमा हामी (बुढाबुढी) ले पनि उक्त चित्र हेरेका थियौ । साच्चै नै कलाकार पाउलले एक, सजिव यथार्थवादी चित्र बनाएका छन् । काटिन नमानेकी जेनी ग्रे लाई दुबै हात समाएर कानमा केही भनेर मनाउदै गरेका पादरी र बञ्चरो बोकेर जेनीलाई चट्टै घाँटी छुट्टिने गरेर काट्न तयार भएको वलिष्ठ व्यक्ति, जेनीको पछाडि विलाप गर्दै गरेका उसकी आमा र अर्कि महिलाको कन्दन कहिले सुनेनन् । अध्याँरो र उज्यालोको तादाम्य मिलाउदै कलाकार पाउल एक उत्कृष्ट चित्र बनाए । जुन चित्र १४२ वर्षसम्म अध्याँरोमा रह्यो । आज लण्डन ग्यालरीमा प्रर्दशीत चित्रको प्रशंसा विश्वभरि भैरहेको छ ।



चित्रकलाको महत्व र ताकतको एउटा उदाहरण यो पनि हो । यस्ता अनेक घटनाहरू इतिहासमा खोतलिएलान् तर यो घटना सुन्दा र पढ्दा कलाकारिताको गहिराई मापन गर्नेले गर्न सक्छन् । कला के हो र भन्नेहरूका लागि यो एउटा गहन अध्ययनको विषय पनि हो । कलाले जीवनलाई यसरी पनि हेर्न सकिनेरहेछ । कला आखिरमा महान छ ।

# राष्ट्रचिन्ता गर्दै २३ गते गोलमेच सम्मेलन



राष्ट्रिय समाजसुधार संस्थालगायतका राष्ट्र चिन्तामा लागिरहेका अभियन्ताहरूले माइतीघर चोकमा पत्रकार सम्मेलन मार्फत गोलमेच सम्मेलन मंसिर २३ गते आइतबारबाट प्रारम्भ हुने बारे जानकारी दिएका छन् । यो जानकारी सभा ज्येष्ठ नागरिक विष्णुभक्त तण्डुकारको सभापतित्वमा प्रमुख अभियन्ता माया पाण्डे, कृष्ण प्र. प्रसाई, अम्बिका माता, शंकर मघैया, चेतनाथ ढुंगाना, नर बहादुर मल्ल, पारूहांग कुथुमी राई, राम सुन्दर श्रेष्ठ र गणेश गिरी "सनातनी" ले उपस्थित थिए र उनीहरूले राष्ट्रचिन्ता गर्ने सबैलाई सामुहिक रूपमा जानकारी दिएका हुन् ।

# Development and Promotion of Elderly Care Conception and Promotion in Nepal with Special Reference to
# Highlights and Exemplary Memorial Day of Dulles South Senior Center Virginia USA



Uttam Karmacharya

It was so nice to attend the invitation of our Ambassador from Nepal HIs Excellency Professor Shridhar Katri to the Reception Dinner in Washington DC on the occasion of Nepal National day last year 2023.

It was nice that I got a chance to talk about my visit this and registration in our Dulles South Senior Center VA and my 5 days a week attendance in the center.

I already have a brief exemplary impression of the Senior Center and international friendship with respectable elderly friends like you Madam from different countries.

We shared my latest article published in Nepal entitled : Traces of Diplomatic Relation between Nepal & the USA and Vienna Convention.

I got to brief His Excellency about my incoming booklet entitled the : Development and Promotion of Elderly care Conception and Promotion in Nepal with special reference to Highlights and Exemplary Memories with Dulles South Senior Center Vergin ia 2023 with articles of different Distinguished Senior Centers Scholars of Virginia Center.

*Back Ground*

Dulles South Senior Center and all other senior centers in Loudoun County, Virginia are vital institutions in their communities. Senior centers go beyond being gathering places for the senior community. Senior centers help aging adults enjoy the company of their peers and participate in activities that are healthy and fun. These facilities provide seniors with everything they might need in one central location. They offer various programs and activities, resources, and social engagements. Participating in a senior center creates opportunities to enhance one's physical and mental health, chances to meet people in their own age group, and become involved in different groups and activities. I am a register member of the Dulles South Senior Center (DSSC) and I am writing to highlight some of the many benefits that are offered.

1. Meal program. DSSC provides daily hot lunches for the members. The meals are nutritionally balanced to ensure that members get a healthy meal. The cost of the lunch is paid by the members in the form of a monetary donation. The Loudoun County Government subsidizes the meal program in order to keep the cost low for members.
2. Health, Fitness, and Wellness programs. DSSC offers several fitness programs that include Chair Yoga, Tai Chi, Line Dance, and Dance Fitness classes. Members benefit from these fitness activities to maintain a healthy and thriving lifestyle. Physical fitness improves balance, memory and concentration. There are also rooms for billiards, ping pong, volley ball, and board games. DSSC also provides blood pressure screenings and hearing tests on a monthly basis. During flu season, the local hospital provides flu shots for members at the senior center.
3. Transportation services. Some members do not drive and DSSC provides transportation for a minimal fee. Participants are picked up from their homes and brought to the center, and are dropped off to their homes on the return trip. This service allows those to come to the senior center and participate when their adult children and family members cannot provide transportation.
4. Shopping trips. DSSC offers monthly shopping trips to local stores for those members that cannot drive and would like to shop to purchase needed items for themselves.
5. Educational and arts programs. On a regular basis, the senior center invites medical professionals to educate and inform members on various health topics. The topics include arthritis pain, muscle pain, fall prevention, and more. The center offers different art classes, such as knitting and crochet, quilting, and origami.
6. Special events and programs. The senior members of DSSC come from many different countries and represent many nationalities. DSSC recognizes and supports all holiday celebrations that are associated with different countries. Here at DSSC, we celebrate the major American holidays, Asian holidays, Hispanic Heritage Month, and Indian holidays.
7. Volunteer opportunities. Volunteers are very important to the senior center as they are needed in order to maintain the center's operation. DSSC rely on volunteers to carry out the center's activities. There are volunteers who are dance instructors, English instructors, kitchen workers, front desk helpers, and more. Volunteers are also there to support the senior center participants.
8. DSSC Advisory Board. The Advisory Board is the organization that supports and promotes senior programs offered through DSSC. The Board serves as an advocate for senior members and can make recommendations and assist the DSSC staff in planning, financing, developing and implementing senior functions and activities. The Advisory Board consists of current DSSC members and they have meetings once a month.

In conclusion, senior centers are a vital part of every community. They help the senior population achieve a good quality of life, social interaction, and overall life satisfaction.

I got the news of this Senior center trough my younger son mr. prajwol Karmacharya. A fine morning I reached center and registered myself with center same day. The fee was very meagre 36$.The members were 32 countries. It took me few weeks to know new culture, their rules and regulations.

Above was only one facet of the center but it has many more. With the popularity of the center the membership has grown to 800 , Out of above 200 plus are attending center daily .The following attraction and facilities of center are for huge success of center.

FACILITIES
Bus Ride to and fro from home for one $ per day only
Lunch, Morning Tea / Coffee with snacks
Daily Yoga
Medical facility
Hair cutting
Shopping Facility, Outdoor Tours
Screening of movies including Hindi movies
Gym ,Library ,Computer Facility
Advisory Services from county on medical and other seniors related matters Voluntary work facility

OTHER ATTRACTIONS,
Weekly music program
Learning English, dances.,, games etc
Learning Origami ( making Paper flowers etc )
Visit to other centers of the county
Making wrist bands
Talks of different dignitaries on different subject matters including medical

CELEBRATIONS
Celebration of Birthday of all members once a month on third wednessday of the month
Celebration of different functions of different countries making it full year members.

FACILITIES
Bus Ride to and fro from home for one $ per day only
Lunch, Morning Tea / Coffee with snacks
DailyYoga
Medical facility
Hair cutting
Shopping Facility, Outdoor Tours
Screening of movies including Hindi movies
Gym ,Library ,Computer Facility
Advisory Services from county on medical and other seniors related matters
Voluntary work facility

OTHER ATTRACTIONS,
Weekly music program
Learning English, dances.,, games etc
Learning Origami ( making Paper flowers etc )
Visit to other centers of the county
Making wrist bands
Talks of different dignitaries on different subject matters including medical

CELEBRATIONS
Celebration of Birthday of all members once a month on third wednessday of the month
Celebration of different functions of different countries making it full year

*Highlights and my memorable days of Dulles South Senior Center Virginia*

1. Registration as a new member Aug 2023
2. Early orientation programs
3. Guidelines
4. Monthly Bulletin
5. Daily program
6. Front Desk services
7. Transportation
8. Luncheon schedule and varieties
9. Indian independent day
10. Polynesian show by the Aloha Ladies and the Ukulele group
11. Registered members of different countries
12. Internet services
13. Donation
14. Close friends Bharat Bhushan
15. Sharing with Nepal Elderly centers
16. Center manager expertise and smartness
17. Financial support from the County
18. Volunteers supports
19. Rental services
20. Website services
21. Health services
22. Inter country relation and inter Senior sister establishment

I am very happy to go through Dulles South Senior Center Advisory Board By-laws.

In Nepal. We have not yet developed this type of By-lawas of Advisory Board.

This document is a very good lesson for our country.

I will share with our organization in Nepal running Elderly Care Centers.

*(Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Uttam Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education, Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General, National Resources Center for NFE (NRC-NFE) ACCU Japan / Nepal and Director, Center for Education for All (CEFA) Banepa Nepal.*




# Smash And Grab

*By Sunanda Datta Ray*

About this time began a systematic campaign to strike out all references to the man who was still head of state. Lal replaced the-Chogyal with Kazi as chairman of the Tashi Namgyal Academy, an educational institution that had been created and built up by the ruler to express his vision of the kingdom's future education; converted the Palden Thondup Institute, which had revived and popularized traditional handicrafts, into the Cottage Industries Institute; and dropped Namgyal from the formal description of the Institute of Tibetology, a unique repository of all the literature, arts, science-and religion of a vanished culture that the Chogyal had helped set up in 1958. People close to the throne were not spared either. At the chief executive's bidding, Keshav Chandra Pradhan, the chief conservator of forests and Krishna Chandra's elder brother, sent the CRP to evict Coo Coo la from the forest department bungalow she had been allotted because her own property had been taken over by the army. The Gyalum was asked to vacate Thakse palace. Athingla was removed from chairmanship of the State Bank of Sikkim. They were petty moves designed to demonstrate that the royal family and its friends were not to be allowed even courtesy privileges, and the chief executive exerted complete authority over the most trivial matters. Disapproval had to be made known more explicitly when officials and ordinary people still turned up for the 1974 Phanglabsol, Kagyet, and Losoong dances to measure the ground with their bodies in the Chogyal's presence.

An opportunity presented itself in March 1975, some weeks before the Chogyal's official birthday. Following the 1973 birthday riots, 4 April 1974 had passed quietly without ceremony. But the Chogyal felt that resumption of the traditional durbar, and presentation of the chief secretary's report, would help to restore confidence. While the participation of the chief executive and chief minister would emphasize their corporate functions, it would also show to the people that the throne, though still occupying a public position, was reconciled to its diminished role. The PO's presence would underline amity with India. But 4 April was declared martyrs' day instead; Lal rebuked the Chogyal that "after ihe enactment of the Government of Sikkim Act 1974 the holding of a durbar by the Chogyal and the reading thereat of the annual administrative report would be quite an anachronism completely out of place at this juncture."

Carrying the war a stage farther, the administration ruled that civil servants "should be directed not to visit the palace whether for social, official or semi-official functions or purposes, without taking prior approval from the ministers under whose control they are working." Such permission was never granted. Officials were also individually summoned to Mintokgang or Kazi's bungalow and told not to appear at the Tsuk-la-khang even for religious festivals; they were to look away if they happened to encounter the Chogyal. Henceforth, the king was to be a non-person in his own kingdom, shunned and ostracized by his subjects under strict instructions from the foreigner who ruled in his name.


Still naively looking to New-Delhi for justice, the Chogyal telegraphed Mrs. Gandhi on 1 April that "the chief executive has lately been arrogating to himself dictatorial powers and has been acting in a manner as if he were not responsible to any authority in Sikkim...he has consistently and deliberately violated all provisions of the Act pertaining to submitting of all important matters to the Chogyal for information and approval for the action proposed to be taken, as is incumbent upon him under the Act.... Further, he has conducted his correspondence with me in terms which are grossly discourteous and insubordinate."

A mulish streak in his psyche obviously refused to give in. Even some sympathetic Indians believed that but for this trait, the Chogyal would have been able to benefit "from an opportunity to reign though not rule. He threw away that chance, so they regretted, because he would not be reconciled, to the authority vested in elected leaders, displaying his recalcitrance by challenging the administration at every turn and repaying with ingratitude an India that had rescued his throne and saved his dynasty. He should have secluded himself in the palace, it was said, emerging only for ceremonial events to which he was invited, leaving the country's governance to Kazi.

But the Chogyal was first a Sikkimese and then a king. If he seemed less amenable than anyone else, it was mainly because he was in a stronger position to voice misgivings shared by many other Sikkimese and to take action that was beyond the courage and capacity of humbler folk Understandabiy, he did not entertain too high an opinion of Kazi and his colleagues; like many others, he had few illusions about the 1974 elections. But the basic issue, as he rightly saw it, was no longer between palace and politicians. The dispute was between India and Sikkim, and India had a tame ministry in Gangtok to fight its battles by proxy. The Chogyal would not have caviled at sharing power with a truly representative chief minister. But he was not going to surrender to an Indian chief executive the responsibilities that vested in him under the constitution. responsibilities moreover that New Delhi had repeatedly stressed he should discharge in the interests of democratic progress and Indo-Sikkimese harmony. contd..

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# बाद कि व्यक्ति, महत्वपूर्ण कुन हो ?


डा. शास्त्रदत्त पन्त

वर्ग विभाजन नै वर्गसंघर्षको कारण बन्दछ । आजकलका धेरै युरोपियन कम्पनीहरूले अफ्रिकाका निग्रो जातीलाई बाँदर छोपेजस्तै छोपेर पानी जहाजमा हालेर युरोपमा ल्याएर बेच्दथे । तिनीहरूले खानी, कल कारखानामा बन्दीका रूपमा रहेर काम गर्नँपर्ने हुन्थ्यो । युरोप र अमेरिकाभर आजकल पाइने कालाजाती तिनैका सन्तान हुन् । त्यहाँ उत्पादित सामान बेच्न युरोपियनले उपनिवेशको सहारा लिएर सारा विश्वलाई नै दाश बनाका हुन् । अमेरिका, अष्ट्रेलिया पनि स्कान्डेभियन जनसंख्याले भरिएको उपनिवेश हो । १७७६ मा अमेरिकाका १३ वटा राज्यमा एउटा डच स्लेभ कम्पनीले ५,०२,१३२ निग्रोलाई बेचेको थियो । अमेरिकाका खास मानिस रेड इन्डियन हुन् भने अष्ट्रेलियाका एबोरिजिनल जात मात्र हुन् । ती त्यहाँका आदिबासी, त्यसै देशका असली मानिस हुन् । गोरा युरोपबाटै गएका प्रबासी हुन् ।

चर्च राज्यका पादरीले महिलालाई तालिवानले भन्दा चर्को रूपमा सताएका थिए । इभका सन्तती भनेर सैतानमा गनिन्थे । चेष्टिटी बेल्टको प्रयोग थियो । युरोपको यो घोर अमानवीय अन्यायको विरूद्ध पत्रकार कार्लमार्क्स्ले प्रतिशोध स्वरूप साम्यवाद पद्धतिको विकास गरेका हुन् । त्यो त्यसबेला त्यहाँ खाँचो थियो, जायज थियो । त्यो सिद्धान्त सबै मुलुकमा सँधै कायम हुने होइन । किनकि त्यो वैदिक संस्कार जस्तो व्यवहार सिद्ध थिएन । त्यस अवस्था सम्म पूर्वमा राम राज्य थियो । नेपालमा कोही सामन्त, कोही शोषक थिएन । नेपाल वैदिक साम्यवादको आदर्श राज्यको पथमा अग्रसर र अडिग थियो ।

आजकल प्रथम विश्वका सबै मानिस पूँजिपति व्यवस्था मान्छन्, तर तिनले विद्रोही साम्यवादीमाथि लगानी गरेर प्रत्येक देशभित्र युद्ध मच्चाई रहन्छन् । नेपालको गुरिल्ला साम्यवादी पनि तिनीहरूकै उपज हो । त्यो नियन्त्रण बाहिर गयो भने क्विज्लिङि गर्दछन् । यसरी विकासोन्मुख मुलुकमा राजनीति अस्थिर भइरहन्छ, संघर्ष भइरहन्छ, प्रजातान्त्रिक अभ्यास हुँदैनन् । व्यक्तिवाद हाबी हुन्छ । दलवाद हाबी हुन्छ । दलले आफ्ना कार्यकर्ता र आफन्तलाई मात्र जनता मान्दछ । तिनैलाई मात्र राष्ट्रिको धन र ओहोदा बाँड्छन् । कुनै दलले सकारात्मक शक्ति कायम गर्न थाल्यो भने दल भित्रै गुट उपगुट खडागरिदिन्छन् व्यक्तिव्यक्ति बीच टकराव गराई दिन्छन् । टकरावले देशको सबै शक्ति क्षय हुन्छ । देश विपन्न रहिरहन्छ ।

सफल पद्धति भनेर पश्चिमाहरूले लदाउने उनको पद्धति आर्थिक शोषण गर्न नव-उपनिवेश स्थापना गर्नँ हो । त्यस प्रति कुनै दलको चासो र चिन्ता नहुनु पश्चिमाको दास मानसिकता हुने शिक्षाबाट ग्रसित भएर हो । अब खोज र सूक्ष्म विश्लेषणको आवश्यक छ । यसलाई शाह शासनको १७८वर्ष (१७२५-१९०३) राणा शासनको १०४ वर्ष ( १९०३-२००७) राजतन्त्रात्मक बहुदलीय शासनकाल दश वर्ष (२००७-२०१७), दलविहीन शासन कालको ३० वर्ष ( २०१७-२०४७), संवैधानिक राजसंस्था भएको बहुदलीय शासनकालको १६ वर्ष (२०४६-२०६२) र अनिर्वाचित बहुदलीय ओलिगार्की तन्त्रको १७ वर्ष (२०६२-२०७९) र त्यसपछिको अवस्थालाई तुलनात्मक अध्ययन गरेमा कुन असल कुन खराब साबित हुन्छ ।

पश्चिमाले अ.गै.स.स. मार्फत वैदिक संस्कार र संस्कृतिका संरचना भत्काउने र पश्चिमी (इशाई) करण गर्ने काम रोक्नै पर्छ । तिनीहरूले आफूभन्दा विपन्न गराई राख्ने नकारात्मक सोच राखेर दान दिन्छन् । दाताराष्ट्र भनेर सम्मान लिन्छन् । आफ्नो देश आफ्नै क्षमताले एक भएर विकास गर्नँ पर्दछ भन्ने कुरामा दाताराष्ट्र नै बाधक छन् । आपसमा लडाउने उनीहरूको षड्यन्त्रबाट तेश्रो मुलुक सावधान हुनुपर्दछ । नेपाली दल, संघसंस्था पनि सावधान हुनुपर्दछ । अनेकतामा एकताको आफ्नो सूत्रलाई बलियो पार्नँपर्दछ । तदनुरूपको राजनीति व्यवस्था बनाउनु पर्छ । नेपालको विकासको वाधक अस्थिर राजनीति नै हो । तेश्रो र चौथो विश्वलाई विपन्न, अचेतन, अज्ञ र अल्पज्ञ बनाईराख्नुमा सामन्त र औपनिवेशिक देशको हात छ । विश्वमै ज्ञय, चेतन र सु-सम्पन्न यो क्षेत्र लुट्ने र बिगार्ने काम गरेकै कारण ती धनी भएका हुन् । पाँच 'द' (दया, दमन, दुःख, दवाब, दर्द) दिएर समान विश्वको संरचनाको जग भत्काई दिएका छन् । वैदिक सभ्यता जीवन संचालनको समुच्चा पद्धति हो । प्राणीमात्र को जीउने हक र प्रकृतिको परिचालन पद्धतिलाई जोगाइराख्ने आधार हो । यो विश्व ब्रह्माण्डको साझा हो ।

यी तीन सिद्धान्त बाहेकका दलहरू राजनीतिका खुद्रे पसल हुन् । मौलिक रूपमै सबै तहमा विकास गर्नु नै यो रोगको सही निदान हो । नेपालले विकासको गति बढाएर पहिलो विश्वलाई भेट्टाउने गुञ्जायस छ तर पहिलो विश्वले कचिङ्गल गराएर अवरूद्ध गरिरहेका छन् । वास्तवमा तीनवटै सिद्धान्तको मूल मर्म एउटै हो । केवल स्थान, चेतना, संस्कार र जीवनस्तरका आधारमा आ-आफ्नो देशसँग मिल्ने बनाउने भन्ने मात्र हो । देश, जनता र संस्कारका आधारमा कहाँ कति मात्राको प्रयोग किन र कति अबधीसम्म गर्ने भन्ने कुरा प्राज्ञिक हो । अहँकार तुष्टिकरणका निमित्त मात्र द्वन्तेश्रो विश्व भनेको अचेतन अवस्थाबाट अर्धचेतन अवस्थामा रहेको समाज हो । संक्रमणकालीन सामाजिक अवस्था हो । यस अवस्थाका जनतामा धैर्य हुँदैन, तुरून्त परिवर्तन चाहन्छन् । यो अवस्थाका मानिसले परिवर्तनलाई अनिवार्य ठान्दछन् तर परिवर्तन किन र कसरी गर्ने भन्ने बारेमा कुनै शीप/क्षमता हुँदैन । कसैले हुच्याइमा ती हुच्चिन्छन् । २०३६ सालदेखि आजसम्म बिदेशीबाट हुच्चिएका छन् । परिवर्तनको चाहना परिवर्तन हुनसक्ने गतिभन्दा तीव्र हुनु तर परिवर्तनका संवाहक मानिने दलका नेताको क्षमता कम हुनुले सम्मृद्ध नेपाल हुन नसकेको हो । जनता अलमलिएर अतिवादी दक्षिणपन्थी, अतिवादी वामपन्थी, हुने गरेका छन् । यसको मूल कारण गरिबी र बेरोजगारी हो । सही रूपमा परिचालन गर्न पहिले राजनीतिक रूपान्तरण चाहिन्छ, विदेशीबाट नहल्लिने ।

जुनसुकै युगमा जुनसुकै शासन पद्दति भए पनि त्यस शासनले जनतालाई सुखशान्ति, अमनचयन र सम-समुन्नति दिन सक्नुपर्दछ । त्यो सरकार उच्च हो जसले उच्च स्तरको सुशासन दिन्छ । जनताको मन जितेर सत्तामा जानु भनेको उसको कार्य अबधिमा अघिल्लोले भन्दा राम्रो गर्न सक्नु हो । दलको व्यवहार र कामको मूल्याङ्कन गर्ने हक जनतामा हुनुपर्छ । प्रजातन्त्र त्यही हो ।

समाजको स्तरसँग राजनीतिक स्तर मिल्न नसके द्वन्द्व र टकरावमा परिणत हुन्छ, असफल हुन्छ । त्यो आजको नेपालको अवस्था हो । पूँजीवाद शोषणको धेयबाट विकसित भएको हो भने साम्यवाद पीडाको प्रतिफल बनेको हो । मिश्रित वैदिक सव हो, विश्वको पहिलो हो । त्यो अपौरूषीय हो । व्यवहार सिद्ध हो । फेरि सबै देशमा साम्यवाद लागू हुन सक्दैन, सबै देशमा पूँजिवाद या बहुदल लागू हुन सक्दैन । तर सबै राजनतिक व्यवस्थामा वैयक्तिक विचार स्वतन्त्रता र प्रजातान्त्रिक अभ्यास अनिवार्य हुनैपर्दछ । त्यही स्वतन्त्रताबाट नै आ-आफ्ना देशका पद्धति आफैँ निर्धारण गर्न सकिन्छ । यही नभएर विकासोन्मुख मुलुकमा राजनीति पद्धतिले काम गरेको छैन, व्यक्तिले काम गरेको छ । नेपालका व्यक्तिलाई इ.यु., अमेरिका र भारतले चलाएको छ । तिनैले अस्थिर र अशान्ति बनाई राखेका छन् । अस्थिरनै विकासको बाधक हो । राजनीतिक विचारधारा चेतनाको उपज हो । समाजलाई आदर्श, शान्त र सुखमय बनाई राख्नु यसको मूल उद्देश्य हो । सबै विचारहरू हमेशा सुन्दर हुन्छन् । तिनलाई कुरूप व्यवहारले बनाउँदछ । कार्यान्वयन गर्ने व्यक्तिको स्वार्थन्धताले गर्दा विचारधाराले दोष पाउँदछ । यसले अर्को प्रश्न खडा गर्दछ । वाद कि व्यक्ति : कुनलाई प्राथमिकता दिनु पर्ने हो ?

विश्वभरिका सबै मानिसको स्वरूप, ध्वनी, आकार प्रकार कुनै कुरा पनि एक अर्कोसँग मिल्दैन । त्यसै गरेर उनिहरूको स्वभाव, सोच र प्रबृत्ति पनि फरक-फरक हुन्छ । 'भिन्न रूचिर्हि लोकः' । यस्तो अवस्थामा एक विचार मिल्नेको संघ, संस्था वा दल भन्ने तर्क नै अप्राकृतिक हो । व्यवहारमा आएको सिद्धान्त नै वैदिक हो । त्यो नै सनातन पनि हो । यथार्थमा प्रजातन्त्र भनेको आफ्नो शासन पद्धतिको चयन, परिचालन तथा नीतिनिर्धारण सबै जनताले आफैँले गर्ने सिद्धान्त हो । व्यक्ति जन्मैदखि स्वतन्त्र हुन्छ । जब ऊ कुनै दलमा आवद्ध हुन्छ उसले स्वतन्त्रता र निजि बिचारलाई गुमाउँदछ ।

सिद्धान्त र वादमा खासै फरक छैन । तर ती दुई एउटै कुरा भने होइनन् । सिद्धान्तमा साश्वत् सत्य कुरा भरिएका हुन्छन् भने वाद तिनमा राखिएका भिन्न विचार मात्र हुन्छन् । त्यसैले वाद साम्प्रदायिक हुन्छ । सिद्धान्त सम र सर्वयुगीन हुन्छ । त्यो वैदिक साम्यवाद हो । राजनीति वाद मात्र हो । सबै वादको एउटै सिद्धान्त हुन्छ, जनतालाई सेवा प्रदानगर्ने, समानता, निष्पक्षता, न्यायिकता सिद्धान्तका कुरा हुन् भने तिनका नाममा जन्मिएका तथा संचालनमा आएका जस्तै दलीयता, अपन्वत्वता आदि साम्प्रदायिकता हुन् । सर्वदल मान्य राष्ट्रिय मूल नीतिले देश बनाउने सिद्धान्तलाई एक सूत्रमा आबद्ध गर्दछ । सिद्धान्त सेवामार्ग हो पेशा होइन भनेर पुष्टि गर्दछ । वादले आफु आफ्नालाई मात्र अंगाल्दछ । जे नाम दिए पनि राजनीति राष्ट्र सेवा मात्र हो ।

दलले व्यक्तिको स्वतन्त्रबिचारलाई कुण्ठा गर्छ । राजनीति पद्धति र जन चाहना मिल्नुपर्छ, दलले मिल्न दिदैन । नमिले पतनतिर जान्छ । बुढी मरी भन्ने चिन्ता होइन, काल पल्क्यो भन्ने चिन्ता ज्यादै गम्भीर हो । पद्धति नमिले जनताले सेवा र सुविधाको समान अवसर पाउँदैनन्, -सेवाको समान वितरण हँदैन, -केन्द्र-स्थानीयस्तरमा सही कार्य विभाजन हुँदैन, -सबै खाले अवसरको समान वितरण हुदैन, -सबै नागरिकले समान गुणस्तरको शिक्षा पाउँदैनन्, -सबै जनता समसचेत हुन पाउँदैनन् । समाजमा चेतना पहिलो आवश्यकता हुन्छ, राष्ट्रिय मूलनीति बन्दछ, सम्पूर्ण नागरिकले पूर्ण रोजगारका अवसर पाउदछन्, र त्यसले देश आत्मनिर्भर हुन्छ, सुसम्पन्न हुन्छ । फलतः सबै खाले अशान्ति हट्दछन् । सबैको सकारात्मक सोच हुन्छ । सबै जात सम्प्रदाय, पेशा, लिङ्ग र स्थान विशेषका मानिस मिलेर काम गर्दछन् । सबैखाले भ्रष्ट्राचारको अन्त्य हुन्छन् ।

**दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित गुनासो दर्ता गर्ने सम्बन्धी सूचना ।**

यस नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी दूरसञ्चार सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुले प्रदान गरेको दूरसञ्चार सेवाका सम्बन्धमा समस्या भएमा दूरसञ्चार उपभोक्ताहरुले सम्बन्धित सेवा प्रदायकहरुलाई गुनासो गर्दा पनि समस्या समाधान नभएको खण्डमा यस प्राधिकरणको कार्यालयको सम्पर्क नम्बर तथा कार्यालयको इमेल मार्फत गुनासो व्यवस्थापन गरिँदै आएको छ । हाल दूरसञ्चार सेवाका सम्बन्धमा उपभोक्ताहरुको गुनासोलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि कार्यालयको सम्पर्क नम्बर तथा इमेलको अतिरिक्त गुनासो व्यवस्थापन प्रणाली (Complaint Handling System) समेत तयार गरी सोही प्राधिकरणको Website मा राखिएको **"गुनासो व्यवस्थापन प्रणाली (Complaint Handling System)"** मा समेत गुनासो दर्ता गराउन सक्ने व्यवस्था गरेको व्यहोरा सम्पूर्ण दूरसञ्चार उपभोक्ता तथा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।

नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,
जमल, काठमाडौं, नेपाल ।
पो.ब.नं.: ९७५४
फोन: +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९
फ्याक्स: +९७७-१-५३५५२५०
इमेल: ntra@nta.gov.np, वेबसाइट: www.nta.gov.np

**धुम्रपानको सेवनले स्वयं आफू, आफ्नो परिवार र वातावरणलाई नै श्वास-प्रश्वास रोगी बनाउँछ ।**

**धुँवा, धुलो, मट्टितेलको खारबाट जोगिनु नै आकस्मिक श्वास-प्रश्वास रोग लाग्न नदिनु हो ।**

**श्वास फेर्न गाह्रो हुनु, ज्वरो उच्च हुनु र कोखा हान्नु श्वास-प्रश्वास रोगका लक्षण हुन् ।**

**श्वासप्रश्वासमा समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा तुरून्त सम्पर्क राख्नुपर्छ ।**

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जीपी कोइराला राष्ट्रिय
श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौडा, तनहुँ

# वेदान्त–विज्ञानबारेमा भएको काठमाडौं सम्मेलन



जीवनको उत्पत्ति र विकासक्रममा वेदान्त र विज्ञानबीच संवाद विषयक दुई दिने प्रथम अन्तर्राष्ट्रिय सम्मेलन मंसिर ९ गते सम्पन्न भएको थियो । यो सम्मेलनमा नेपाल, भारत र अमेरिकाका करिब ३० आध्यात्मिक चिन्तक र विभिन्न विश्वविद्यालका प्राध्यापकहरूद्वारा कार्यपत्र प्रस्तुत र बहस गरेर सम्पन्न भएको हो ।

यो सम्मेलन श्रीचैतन्य सारस्वत सभा नेपाल, श्री चैतन्य सारस्वत संस्था पश्चिम बंगाल भारत र सनातन अध्ययन तथा अनुसन्धान प्रतिष्ठान नेपालको आयोजना तथा अक्षरा स्कुलको सहआयोजनामा काँडाघारीस्थित अक्षरा स्कुलमा गरिएको थियो । आध्यात्मिक संस्कृति तथा विज्ञानका लागि यो सम्मेलन महत्वपूर्ण मानिएको छ । जीवन र जगतका लागि संवादका माध्यमबाट अध्यात्म र विज्ञानको क्षेत्रमा मात्र नभई जीवनको अस्तित्व र ब्रह्माण्डको गहिरो अर्थबारे नयाँ अवधारणा अघि सारेको छ । केही बक्ताले नयाँ पुस्तामा सनातन परम्परा एवं संस्कृतिको उचित हस्तान्तरण नहुँदा पूर्वीय संस्कार र सभ्यता कमजोर बन्दै गएको निष्कर्ष निकाल्दै नयाँ पुस्तामा आफूभित्रको ब्रह्मको पहिचान गराएर अगाडि बढ्न प्रेरित गर्नुपर्ने बहस पनि चलेको थियो ।

सभापति एवं सम्मेलनका निर्देशक भारत पश्चिम बंगालस्थित चैतन्य सारस्वत मठका आचार्य डा. भक्ति निष्काम सन्त माहाराजले जैविक र रासायनिक प्रक्रियामा आत्मतत्व सम्मिश्रणबाट जीवनको उत्पत्ति र विकास भएको विचार प्रकट गरेका थिए । उनले डार्बिनको विकासवादी सिद्धान्तले मात्र जीव उत्पत्ति र विकासको सिद्धान्त व्याख्या गर्न नसकिने बताए । वैदिक अवधारणालाई समेट्नुपर्नेमा अधिकांश बुद्धिजीवहिरूको धारणा रहेको थियो ।

जीवन के हो, जीवनको उत्पत्ति र विकासमा वेदान्तको योगदान कति छ, २१औं शताब्दीमा जैविक अध्ययनको अवधारणात्मक अनुभूति, एक कोषीय जीवको उन्नत चेतना र अनुभूति, जैविक र अजैविक प्रणालीको गहिरो अवधारणात्मक विषयमा त्रिविका प्राध्यापक डा. रजनी मल्ल, प्राध्यापक डा. मोहन खरेल, चैतन्य सारस्वत संस्थाका डा. भक्ति विज्ञान मुनि महाराज, भारतका विभिन्न विश्वविद्यालयमा अध्यापनरत प्राध्यापक डा. एमबी जगन्नाधम, डा. मोहन राव, प्राध्यापक डा. कुमार भान्का, डा. सुमंगलादेवी दासी, कृष्णकेशव दास, डा. रमेशबाबु गोगा आदि बक्ताले कार्यपत्र प्रस्तुत गर्दै बहस अघि बढाएका थिए ।

**सम्पति शुद्धीकरण अनुसन्धान विभागको सूचना**

अपराधजन्य कार्यबाट सम्पति आर्जन गरी त्यस्तो सम्पतिको वास्तविक प्रकृति, स्रोत, स्थान, निःसर्ग, कारोबार, स्वामित्व एवम् सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने; रुपान्तरण वा हस्तान्तरण गर्ने; प्राप्ती, प्रयोग वा धारण गर्ने समेतका कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर (Money Laundering) र आतङ्ककारी व्यक्ति वा सङ्गठनको प्रयोजनका लागि कुनै पनि प्रकारले सम्पति वा कोष सङ्कलन, सहयोग वा सहजीकरण गरी गराई आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर (Terrorist Financing) नगर्न नगराउन सम्बन्धित सबैमा सूचित गरिन्छ । उल्लेखित कसुर भए गरेको अवस्थामा सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० बमोजिम सजाय हुनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
०८१ मंसिर २५, Dec. 10, 2024



अन्तिम पातो - शाश्वत शर्मा

# अब सक्किने दिशातर्फ

दुःख झेलेर र अव्यवस्थाको भार बोकेर बाँचेका नेपाली नै देशप्रति उदासीन भएको त होइन ? यस्ता लाग्न थालेको छ । युवा क्रिकेट, एनपीएलमा मस्त छन् । एकथरि प्रम ओलीको चीन भ्रमणको लेखाजोखा गरिरहेका छन् । अर्काथरि अमेरिकी उपमन्त्री लू किन आए भनेर हिसावकिताव गरिरहेका छन् । चीनविरोधी भन्न थालेका छन्, ओलीले बीआरआई रोक्न सफल भए, उनको उपादेयता सकियो । अब यो सरकार ढल्छ, नयाँ बन्छ । अर्काथरि राजा ज्ञानेन्द्रको बाँके भ्रमण र निस्कने परिणामको भद्रो हेरिरहेका छन् । एकथरि यस्ता पनि छन्, जो रास्वपाका अध्यक्ष रवि लामिछाने कहिले छुट्लान्, कि उनलाई जेलमै समाप्त पार्लान् भनेर चर्चा गर्दैछन् । दुर्गा प्रसाईलाई आइतवार ३ दिन म्याद थपिएको छ, उनलाई अब कुन कानुन लगाएर थुन्लान् भन्ने चासो पनि बढेको छ । यस्तै यस्तै चासो छ, मुलुक समाप्तितिर गएकोमा कसैलाई चिन्ता छैन । भ्रष्टाचार, अनियमितता, अत्याचार झन झन बढ्दो छ । मुलुकप्रति कसैले साउती गरेको सम्म देखिएन । भ्रष्टविरूद्ध आगो बल्नुपर्ने बेलामा सबै तमासे बनेका छन् । आन्दोलन गर्नेले, सत्ता हाँक्नेले, विपक्षीले, नागरिक समाजले जग हँसाउने काममात्र गरेका छन् । कोठे बिद्रोह जारी छ, केही हुनेवाला छैन ।

जो राजनीतिको अपराधिकरण देखिरहेका छन्, उनीहरू यहाँ केही हुन्न भनेर निराश भइरहेका देखिन्छन् । दशैं तिहार, छठपछि ठूलै आन्दोलन हुन्छ, परिवर्तन आउँछ भन्नेहरू जनताको आँखामा छारो हालिरहेका छन्, आश्वासन बेचिरहेका छन् । मंसिर ७ मा केही भएन, अब फागुन चैततिर आन्दोलनको हुरी चल्छ भन्ने नयाँ नारा सुरू भएको छ । यसको अर्थ एउटै निस्कन्छ, यिनै भ्रष्टलाई स्वीकार्ने काम भएको छ । सामाजिक सञ्जालमा सुनामी नै आएको छ । सरकारमात्र होइन, व्यवस्था नै फेर्नुपर्छ भन्ने हुरी देखिन्छ । सञ्जालबाट व्यवस्था फेरिने कुरै छैन । बिद्रोह जनताले गर्नुपर्छ, जनतामा बिद्रोह गर्ने मूड भए पनि नेतृत्व अग्रसर छैन । अनि के हुन्छ ?

हालै सम्पन्न उपचुनावमा राजतन्त्रवादी, राप्रपाको दयनीय अनुहार देखियो । जनताले सम्मानजनक मतसमेत दिएनन् । जमानतसमेत जफत भएको राप्रपाको भविष्य छ भनेर कसरी भन्ने ? उपचुनावको नतिजाले विश्वलाई देखायो, नेपाली जनता परिवर्तनको पक्षमा छैनन् । जित्ने उही कांग्रेस, एमाले, माओवादीले हो, उपचुनावले यिनै तीन दलको बर्चस्व कायम भएको देखियो । नेताृहरू आलोपालो सत्तामा जालान्, जनताको राहत पाउने, जनआवाजको सुनवाई हुने पालो कहिले ? यो भनेको जनतामा चेत छैन भन्ने हो । जबसम्म जनतामा चेत आउँदैन, परिवर्तन सम्भव छैन । यस्तै घुमीफिरी रूम्जाटारको उखान सत्य साबित हुनेमात्र हो ।

पूर्वराजाले सहमति र सहकार्यको लागि आह्वान गरेको सुनियो । उही भ्रष्टलाई मत दिनेहरूको विश्वास नगरेरै प्रष्ट आह्वान नगरेको हुनुपर्छ । पार्टीको कार्यकर्ता भइसकेका जनताले राजा जिन्दावाद त भन्छन्, राजा अगाडि आएपछि साथ दिएनन् भने के हुन्छ ? जनताले परिवर्तन चाहेका हुन् भने जनता सडकमा आउन् ।

शुक्रवार भुटानका राजा ५ घण्टे नेपाल भ्रमणमा आए । बौद्ध र स्वयम्भुको दर्शन गरे । उनले राजनीतिक भेटघाट गरेनन् । तर उपरलाउकेहरू दिल्लीबाट नेपाल आएका भुटानका राजाको भ्रमणमा अनेक अर्थ निकाल्न ब्यस्त छन् । कुरा धेरै गर्ने काम नगर्ने नेपालीको बानी देखियो । भुटानका राजालाई स्वागत गरे । राजाले धन्यवाद पनि दिए अनि आफ्नो भ्रमण सकेर स्वदेश फिर्ता भए । राजाको क्रेज नेपालमा छ भन्ने त देखियो, राजतन्त्र ल्याउन जनता अग्रसर भएको चाहिं देखिएन । राजतन्त्र र हिन्दुराष्ट्र पुनस्थापनाका लागि बिद्रोह गर्नैपर्छ, कि त चुनावमा राजतन्त्रवादीलाई दुई तिहाई मत दिनैपर्छ । अथवा सेनाले कू गरेर सत्तामा हातमा लिनुपर्छ । यी तिनै सम्भावना साह्रै न्यून भएकाले व्यवस्था फालिने वातावरण देखिदैन ।

मुलुक संकटमा छ । मुलुक बचाउनका लागि स्वराज कायम गर्नका लागि जनता स्वस्फूर्त जाग्नुपर्छ । सडकमा नागरिक निस्कनुपर्छ । सामुहिक रूपमा व्यवस्था र यो भ्रष्ट नेतृत्व बिरूद्ध बिद्रोह ओकल्नुपर्छ । श्रीलंका, बंगलादेशमा जसरी जनता सडकमा नआएसम्म कुनै परिवर्तन सम्भव छैन, यी भ्रष्ट नेताले जुका नियति छाड्ने छैनन् । पञ्चायतलाई अलोकतान्त्रिक भनेर फालियो, भ्रष्टाचार फैलाइयो । बहुदल जिन्दावाद भनेर ल्याइयो, भ्रष्टाचार फैलाइयो । राजतन्त्र र धर्मका कारणले समृद्धि आएन भनेर लोकतन्त्र ल्यायो, भ्रष्टाचारभन्दा केही पनि भएन । जनतालाई सबै थाहा छ, भार खेपिरहेका छन् । तैपनि जनता बिद्रोह बोल्न सडकमा निस्कदैनन्, किन ?


## लैङ्गिक हिंसाबाट सचेत बनौं

शारीरिक हिंसा :

- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरूप पार्ने, घरबाट निकाला गर्ने,

मानसिक हिंसा :

- गालीगलौज गर्ने, अपमानित गर्ने, डरधम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसा :

- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने, यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटनाबिरूद्ध सचेत होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# वेदका अनुसार आमा सात प्रकारका छन्

विष्णुप्रसाद शर्मा–

भागवत् गीताको नयाँ दर्शन र विचारको उदयसँगै नेपालको गोकर्णमा तपस्यारत प्रभाव, सिन्धु सभ्यताको पतन सँगसँगै उदित भएको हिन्दूत्व, आर्य-अनार्य वंशपरकता र हिन्दू अधिराज्य नेपालको परिकल्पना आर्यहरूले अर्थपूर्ण तवरणले बुझेर बसेका र अरूलाई बुझाउन नभ्याएका वा नचाहेका हुन् ? वेदले देखाएको उच्चतम मार्गमा आर्यहरूलाई हिंडाउन ऋषिहरूले खोजेका, तर अभिमानताले विभाजनतर्फ आकर्षित भई क्षणिक लाभको पछि लाग्दा वेदले निर्देशन गरेका पथबाट बाहिरिन पुगी राई, लिम्बू, किराँत, शेर्पालगायतका बारेमा प्रष्टसँग वेदका ऋचाहरूलाई बुझ्ने भाषामा तयार बनाएर बुझाउन नसकेको हुँदा तपोभूमि नेपालमा ब्राह्मण अस्त्रको प्रहार भएको रहेछ भनेर बुझ्न कठिन त छैन, तापनि दशौं शताब्दीतिरको समयमा पारूहाङ र यलम्वर वेदभित्रैका उपज थिए भनेर भन्न सकिन्छ ।

इक्ष्वाकु वंशका राजा दशरथका दरबारमा तीन रानीहरू रहेता पनि देवतुल्य तेजस्वी श्रीरामले भने एकभन्दा बढी पत्नी इच्छा राखेनन् । सीता ६ वर्षकी हुँदा राम १४ वर्षका थिए र यसै समयमा उनीहरूको विवाह सम्पन्न भएको थियो । राजा दशरथ वन गमनमा गएका समयमा कैकेयीसँग भेट भएको, उनले दशरथलाई प्रभावित गराउन सफल भएकी र राजाले खुशी भई बर माँग, जे मागे पनि दिने इच्छा जाहेर गर्दा समयमा मागुँला भनेर चलाखीका साथ सुरक्षित रहेकी र पछि राजा दशरथले विवाह गरी भरतको जन्म भएको हो । रामलाई राजकुमार घोषणा गर्ने समय हुन लागेपछि १४ वर्ष वनबास र भरतलाई राजकाज ककेयीका माँग थिए ।

इक्ष्वाकु वंश १३ पुस्तापछिका राजा दशरथ थिए भने दशरथ पुत्र राम पिताको आज्ञालाई शीरोधार्य गर्नमै खुशी ठान्दथे भने रावण प्रकाण्ड विद्वान भएर पनि परस्त्री गमनमै ऐश्वर्यता ठान्दथे । घमण्डले चुर थिए । 'इक्ष्वाकु वंश' का रामको वर्णन बाल्मिकी ऋषिले काव्यमा उतारेका छन् । ई.पू. १८५ मा मौर्य वंशको समाप्तिका आसपास अर्थात् रामायणकाल भारतमा सुन लोकप्रिय बन्दै गएको र रोमेली अनि चिनीयाँ ब्यापारीहरू रेशम मार्ग हुँदै सुन र जवाहरतहरू लेन-देन गर्दथे र अरू मालवस्तुको पनि व्यापार गदर्थे । त्यो समयमै गरगहना, औंठीको प्रचलन चलिसकेको रहेछ भनेर बुझ्न सकिन्छ ।

महाकवि बाल्मिकीको रामायण काव्यले सुवर्ण खाँकै कारणले गर्दा रावणले सीताहरण गरेको हो भन्ने पुष्टी गर्दछ । किष्किन्धा काण्डमा पनि सुरापानको चर्चा भएकाले रामायणकालभन्दा पहिलादेखि नै मद्य पदार्थको चलन थियो भन्न सकिन्छ । रावण बहिनी सुवर्ण खाँले सीताको रूपरङ्ग तथा शारीरिक बयान गरेकी हुँदा र रावणको अत्याचारलाई समाप्त गर्नैपर्ने कारणले गर्दा सीता खेत जोत्दा हलोले माटोमा देखाएको हो भन्ने पनि पाइएको छ र किटाणी कसैले भन्न सकेको पाइँदैन । जे भए पनि राम, लक्ष्मण र सीता वनबास रहेकै अवस्थामा रावणले हरण गरेकै कारणले उसको मृत्यु भएको हो ।

राज्यका धेरै प्रकारका नारीहरूलाई अधिनमा राखेर पनि आत्मसन्तुष्टि प्राप्त गर्न नसकेको रावणले सीताहरण गऱ्यो र १४ महिनासम्म अशोकबाटिकामा राक्षसी महिलाहरूको निगरानीमा सीतालाई राखेर यौनको आकांक्षा राख्दा पनि सकेन र रावणले छोरा मेघनाथ इन्द्रलाई जितेकाले उसैको नाम इन्द्रजीतले देवताहरूलाई सखाप पार्न थालेपछि लक्ष्मणले उसको बध गरिसकेपछि रावणको बध रामले गरेका थिए । कारण सीताहरण नै रहेको थियो । कविका शब्दहरूमा द्रष्टा ऋषिहरू गृत्समद, विश्वामित्र, वामदेव, अत्रि, भारद्वाज र वशिष्ठका साथै रोमशा, ब्रह्मवादिनी, लोपमुद्रा, विश्वावारा, आत्रेयी, अंपाला आदि थिए । तर, विश्वामित्र, अत्रि, भभरद्वाज र वशिष्ठले ५२ मन्त्रको सहाराले अग्नि आह्वान शुरू भई वरूण, इन्द्र, मरूत, सोम, विष्णु, रूद्र, अर्यमा, पूजा आदिको प्रस्तुति-स्तुतिमा मानवीय मनोभाव अत्यन्त संवेदनशील तवरले वेदका ऋचाहरू भित्रका कविताहरूलाई प्रष्ट्याउने काम गरे झैं श्री ५ ज्ञानेन्द्रले मौनध्वज बद्धताभित्रबाट धेरै ज्ञानहरू मानव समाजमा छाड्न सफल भएकोमा प्रशन्न हुनै पर्दछ । १४ वर्ष रामको वन गमन : रावणको अत्यधिक चकचकी चलेको छ । ऋषि बाल्मिकीले जगतलाई दिनुभएको ऋग्वेदका गायत्री, त्रिष्टुप, जगती, अनुष्टुप, बृहती, पङ्क्ति र शकवरी आदि मन्त्रहरूको प्रभावताको वर्णन र सबै मानवहरूको नजरमा वीरताको पुष्ट्याईं ब्राह्मणहरूले प्रष्टसँग नगराइदिनु र वेद संस्कृति भाषामा भएकाले नेपालको शिक्षा नीतिले नै संस्कार-परम्परा अनि वेदध्वनीको उपहास गराउने काम नितान्त निन्दनिय, अनुपयुक्त रहेको छ ।

अथर्व वेदको प्रसिद्धीले चराचर जगतका प्राणीहरूको कल्याण र प्राकृतिक सम्पदाहरूको संरक्षणतालाई प्रष्टसँग सुरक्षित गर्न २० काण्ड, ७३१ सूक्त, लगभग छ हजार मन्त्रहरूको ज्ञानपुञ्जता प्रदान गरेकै कारण पश्चिमा मुलुकहरू वेदभित्र के रहेछ त भनेर अनुसन्धान गर्न थालेका छन् । तर, हाम्रा पूर्खाहरू ऋषिले देखाउनु भएको बाटोभन्दा फरक तरिकाले पश्चिमेलीहरूको प्रभावमा बडारिंदै गईराखेका छौं । भविष्य जटिल बन्दै गइराखेको छ । बाल्मिकी पहिलो जीवनमा व्याधा थिए तर, उनले रामायणको रचना गरिसकेपछि समाजले उनको आदर तथा कदर गरी नै राखेका छन् । 'वानर ! तिमी भन्छौं, स्त्रीको हत्या गर्नु उचित छैन । तर म भन्छु'- (उद्योगी मानिसले सधैं त्यस्तो कर्म गर्नुपर्छ, जसबाट शत्रुलाई पीडा होस् ।)

जसले वेदलाई मान्दैन, उसले ऋषि-महर्षि, योगी-भोगीलाई जान्दैन र आमाहरूको मर्यादाप्रति जिम्मेवार बन्न सक्दैन । जसले आमाहरूलाई चिनेको हुँदैन, त्यसले स्वस्थ समाजको महत्व बुझ्दैन । जब पारिवारिक सुःख छैन भने त्यसको जीवन नै व्यर्थ छ ।